मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## नागरिक राज्यको करबाट प्रताडित : प्रभु साह



**मधेशदृष्टि**
**वीरगंज ।**
आम जनता पार्टीका अध्यक्ष प्रभु साहले नागरिक राज्यको कर आतंबाट प्रताडित रहेको बताएका छन् । जुन सुकै कुरामा पनि नागरिकले दोहोरो, तेहोरो कर तिर्न परिरहेको उल्लेख गर्दै अध्यक्ष साहले संघीय कर, स्थानीय कर, प्रदेशको कर लगायत धेरैवटा मनलाग्दी सरकारी करको भारले उठने नसक्ने गरि थिचेको बताए ।

सोमबार साँझ रेडियो वीरगंज परिसरमा अनौपचारिक कुरा कानी गर्दै पूर्व मन्त्री समेत रहेका साहले नागरिकलाई राहत दिने तर्फ मुलुकका राजनीतिक दलहरूको सोच नै नभएको आरोप लगाए । नागरिकका लागि केही गरौं भनेर लाग्ने हो भने अवश्य सकिन्छ भन्दै उनले आम जनता पार्टीको विकास मोडल हेर्न रौतहतको मौलापुर नगरपालिकालाई हेर्न आग्रह गरे ।

मौलापुरमा सवै किसिमका घटना दर्ता निश्शुल्क गरिएको, विजुली, पिउने पानीलगायत नागरिकका धेरै वटा अतिअवश्यक सेवाहरू निश्शुल्क उपलब्ध भइरहेको आजपाका अध्यक्ष साहले दावी गरे ।

वर्ष ४ • अंक ५९ • २०८२ साल पौष २९ गते मंगलबार • Tuesday 13, January 2026 • सूर्योदयः बिहान ०६:५६ बजे • सूर्यास्तः साँझ ५:३१ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

# नेताहरु मधेश देखाउँदैछन् कि आफूलाई टिकाउँदैछन् ?









**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशको राजनीति अहिले सामान्य प्रतिस्पर्धा होइन, पुस्ता–विचार–रणनीतिको त्रिकोणीय द्वन्द्वमा प्रवेश गरिसकेको देखिन्छ । यसपटकको भिडन्त केवल चुनावी अंकगणितमा सीमित छैन, नेतृत्वको वैधता, मधेशको प्रतिनिधित्व र राष्ट्रिय राजनीतिमा प्रभाव कायम गर्ने प्रश्नसँग गाँसिएको छ ।

पहिलो तहमा उपेन्द्र यादव, सिके राउत र राजेन्द्र महतोबीचको संघर्ष छ । उपेन्द्र यादव अनुभव, संगठन र संविधानपछिको मधेश आन्दोलनको 'राजनीतिक अनुहार'का रूपमा उभिएका छन् । तर यही दीर्घकालीन उपस्थितिले उनीमाथि 'आउटगोइङ नेटवर्क'को आरोप पनि लागिरहेको छ । सिके राउत भने आन्दोलनबाट सिधै संसदीय राजनीतिमा आएको नयाँ पुस्ताको प्रतिनिधि हुन् । उनको आकर्षण 'चेन्ज न्यारेटिभ' मा छ, तर संगठन र राष्ट्रिय तहको राजनीतिक परिपक्वता अझै परीक्षामै छ । फेसबुकमै पनि उनले लेखेको कुरा रुचाउने घटिरहेका छन् । अंग्रेजी शब्द चेन्ज न्यारेटिभ चैँ उनको पुँजी हो अर्थात् तत्कालीक अवस्थामा समान ढंगले वितरण र भोगमा भूमिका निर्वाह गर्ने । अहिले यो उनको परिवर्तनकामी क्रान्तिकारितामा जोडिएको विशेषण उनी आफैँ भत्काउँदै पनि छन् ।

राजेन्द्र महतोचाहिँ वैचारिक स्पष्टता र राष्ट्रिय राजनीतिक पहुँचका बाबजुद, दल–दलमा भौतारिएको छविका कारण विश्वासको संकट झेलिरहेका छन् । उनलाई देशले पत्याइरहेको छ, मधेशले लत्याइरहेको छ ।

दोस्रो तहमा बिमलेन्द्र निधि, रघुवीर महासेठजस्ता नेताहरू छन् । जो मधेशका मात्र होइन, राष्ट्रिय दलका शक्ति–सन्तुलनका खेलाडी हुन् । निधिको समस्या जनाधारभन्दा बढी 'पार्टी पोलिटिक्स'मा सीमित हुँदै जानु हो भने महासेठको चुनौती मधेशी पहिचानभन्दा 'सत्ताको प्रतिनिधि' भनेर बुझिने अवस्थाबाट बाहिर निस्कन नसक्नु हो । यी नेताहरू मधेशको भावना बोकेर होइन, मधेशलाई सत्ता–गणितमा प्रयोग गरेको आरोपबाट मुक्त हुन नसक्नु नै उनीहरुको राजनीतिक यात्रामा सिके राउत अगाडि पुग्नु हो या उपेन्द्र यादवहरुको विकल्प भनिहाल्न नसक्नु हो ।

तेस्रो र संवेदनशील तहमा महन्थ ठाकुर समूह छ । ८२ वर्षमा पनि राष्ट्रिय सभामा पुग्ने पर्ने बाध्यताले उनीहरुलाई स्वाभाविक रूपमा सत्ता–सम्झौतामुखी बनाएको छ । यसले उनीहरूको राजनीतिक लाइनलाई मुद्दाकेन्द्रित राजनीति भन्दा सिट मगन्ते राजनीतितिर धकेलेको छ, जसले मधेशमै नैतिक दबाब बढाएको छ कि यो लोभ के का लागि ?

यहीबीच जेन्जी पुस्तामा मधेशी मन्त्रीको अमेरिकी भ्रमणसम्बन्धी विवादले अर्को गहिरो सन्देश दिएको छ । युवा पुस्ता अब केवल 'मधेशी भएको' आधारमा समर्थन गर्न तयार छैन । उनीहरू पारदर्शीता र पहिचानको कुरा मात्र गरिरहेका छैनन्, विश्वव्यापी हैसियत बनाउन पनि खोजिरहेका छन् । तर अमेरिकी भ्रमणले कूटनीतिक उपलब्धि दियो कि आत्मसम्मानमाथि प्रश्न खडा गर्‍यो–यो बहसले पुरानो नेतृत्व र नयाँ पुस्ताबीचको दूरी प्रस्ट पारेको छ । समाधान कुनै एक व्यक्तिमा होइन, राजनीतिक रूपान्तरणको शैलीमा परिवर्तन जरुरी छ ।

सबै आफू सत्तामा पुग्न मात्रै आन्दोलन र मोर्चा अपन दलबदलमा सरिक छन् भन्ने सन्देश प्रवाह भइरहेको छ । पहिलो, मधेशका नेताहरूले व्यक्ति–केन्द्रित प्रतिस्पर्धा छोडेर एजेन्डा–केन्द्रित सहकार्य गर्नुपर्छ भन्ने बुझिरहेका छैनन् या बुझ्न खोज्दैनन् । संघीयता कार्यान्वयन, नागरिकता, रोजगारी र शिक्षालाई साझा न्यूनतम कार्यक्रम बनाउन सकिरहेका छैनन् । दोस्रो, पुरानो पुस्ताले नेतृत्व हस्तान्तरणलाई कमजोरी होइन, राजनीतिक परिपक्वताका रूपमा स्वीकार्नुपर्छ । जेन्जीलाई प्रतीकात्मक होइन, निर्णायक भूमिकामा ल्याउनैपर्छ । तर यस्तो देखिएको छैन । तेस्रो, राष्ट्रिय सभाजस्ता पदलाई व्यक्तिगत उद्धारको सिँढी होइन, मधेशको आवाज बलियो बनाउने संस्थागत माध्यम बनाउनुपर्छ । अन्ततः, मधेशको राजनीति अहिले को जित्छ भन्ने प्रश्नभन्दा अगाडि बढिसकेको छ ।

अब प्रश्न होः मधेशले कस्तो नेतृत्व चाहन्छ ? प्रश्नको जवाफ इमानदारीका साथ खोजिएन भने, हेभिवेट नेताहरूको भिडन्त रोचक त हुनेछ, तर मधेशका लागि परिणाम फेरि पनि निराशाजनक हुन सक्छ ।

# राष्ट्रियसभा निर्वाचनमा कांग्रेस–एमाले–जसपा नेपाल गठबन्धन बलियो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनमा मधेशमा नेपाली कांग्रेस, नेकपा एमाले र जनता समाजवादी पार्टी (जसपा) नेपालको गठबन्धन निर्णायक अवस्थामा पुगेको देखिएको छ । मतभारको हिसाबले गठबन्धन विपक्षीभन्दा निकै अगाडि देखिएको हो ।

निर्वाचन आयोगका अनुसार मधेश प्रदेशमा १० हजार ५ सय ८५ मतभार छ । यसमध्ये कांग्रेस–एमाले–जसपा गठबन्धनको पक्षमा ८ हजार १ सय ८६ मतभार सुरक्षित देखिएको छ, जसले गठबन्धनलाई बलियो स्थितिमा पुर्‍याएको निर्वाचन कार्यालयको आकलन छ ।

मधेश प्रदेशमा हाल प्रदेशसभाका १ सय ७ सदस्य र स्थानीय तहका २ सय ७२ जनप्रतिनिधि छन् । तर केही जनप्रतिनिधि कारबाहीमा परेपछि निर्वाचन आयोगले प्रदेशसभातर्फ १ सय ४ र स्थानीय तहतर्फ २ सय ६७ जनालाई मतदाता कायम गरेको छ । राष्ट्रियसभा निर्वाचन कार्यालयका अनुसार प्रदेशसभाका तीन र स्थानीय तहका पाँच जनप्रतिनिधि निलम्बनमा परेका छन् ।

प्रदेशसभातर्फ एमालेका दिपेन्द्र ठाकुर, जसपा नेपालका सरोज सिंह कुशवाहा र लोसपाका अभिराम शर्मा निलम्बनमा छन् । स्थानीय तहतर्फ माओवादी केन्द्र (हाल नेकपा) बाट बागमती नगरपालिकाका मेयर र उपमेयर, कांग्रेसबाट धनौजी गाउँपालिकाका उपमेयर, जसपा नेपालबाट राजविराज नगरपालिकाका मेयर तथा एमालेबाट कल्याणपुर नगरपालिकाका मेयर निलम्बित छन् ।

राष्ट्रियसभा निर्वाचनमा प्रदेशसभा सदस्य र स्थानीय तहका प्रमुख तथा उपप्रमुख मतदाता हुने व्यवस्था छ । मतभारअनुसार प्रदेशसभातर्फ ५ हजार ५ सय १२ र स्थानीय तहतर्फ ५ हजार ७३ मतभार निर्धारण गरिएको छ । निर्वाचन कार्यालयका अनुसार गठबन्धनले प्रदेशसभाबाट ३ हजार ८ सय १६ र स्थानीय तहबाट ४ हजार ३ सय ७० मतभार सुनिश्चित गरेको छ । दलगत विवरण हेर्दा नेपाली कांग्रेससँग २२ प्रदेशसभा सदस्य र १ सय १ स्थानीय

बाँकी पृष्ठ २ मा

# कृषि सेवा केन्द्रमा ठूलो लगानी किसान सेवाबाट वञ्चित

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
स्थानीय तहबाट प्रवाह हुने कृषि तथा पशुपन्छी सेवामा सहजता ल्याउने उद्देश्यसहित संघीय सरकारले मधेश प्रदेशमा तीव्र रूपमा कृषि तथा पशुपन्छी सेवा केन्द्र स्थापना गरेको छ । तर करोडौँ रुपैयाँ लगानी गरेर निर्माण गरिएका यी केन्द्रले अपेक्षित सेवा दिन नसक्दा किसान निराश बनेका छन् ।

विश्व बैंकको आर्थिक सहयोगमा सञ्चालित ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना (आर्थिक करिडोर) अन्तर्गत मधेश प्रदेशका ८४ स्थानीय तहमा दुई अर्ब रुपैयाँभन्दा बढी लागतमा कृषि सेवा केन्द्र निर्माण गर्ने लक्ष्य लिइएको थियो । पहिलो चरणमा ३५ वटा पालिकामा स्थापना गरिएका सेवा केन्द्रहरू उद्देश्यअनुसार सञ्चालन हुन नसकेको पाइएको छ ।

आधुनिक उपकरणसहित सुविधासम्पन्न भवन स्थानीय तहलाई हस्तान्तरण गरिए पनि जनप्रतिनिधिको उदासीनताका कारण किसानले वास्तविक लाभ लिनसकेका छैनन् । देशकै उर्वर भूभाग मानिने मधेशमा सिँचाइ र मलखादको अभाव वर्षौंदेखिको समस्या हो । त्यसैमा बजार व्यवस्थापन कमजोर हुँदा किसानले उत्पादन गरेको अन्नले उचित मूल्य पाउन कठिन भइरहेको छ ।

यिनै समस्या समाधान गर्ने लक्ष्यसहित संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयले मधेशका ३५ पालिकामा कृषि तथा पशुपन्छी सेवा केन्द्र स्थापना गरेको हो । तर व्यवहारमा केन्द्रको अवस्था दयनीय देखिएको छ ।

जनकपुरधाम उपमहानगरपालिका–२३ को बेलौनीमा विश्व बैंकको सहयोगमा दुई करोड चार हजार रुपैयाँ लागतमा निर्माण गरिएको सेवा केन्द्र चार महिनाअघि नै स्थानीय सरकारलाई हस्तान्तरण भइसकेको छ । तर हालसम्म पनि केन्द्रमा विद्युत् जडानसमेत नगरिँदा सेवा प्रभावकारी बन्न सकेको छैन । एक जना पशुरोग विशेषज्ञ र एक जना नगर प्रहरी खटाइए पनि आवश्यक पूर्वाधारको अभावले सेवा सीमित बनेको छ ।

यसैगरी पूर्व–पश्चिम राजमार्गअन्तर्गत मिथिला नगरपालिका–ढल्केबरमा दुई करोड ४२ लाख ३९ हजार रुपैयाँ र हुलाकी राजमार्ग नजिक कमला नगरपालिका–माचीमा एक करोड ९७ लाख २२ हजार रुपैयाँभन्दा बढी लागतमा सेवा केन्द्र निर्माण गरिएको छ । ढल्केबरको केन्द्र सञ्चालनमा रहे पनि कमलामा भने कर्मचारी नहुँदा एक जना किसानले पनि सेवा पाउन सकेका छैनन् । उद्घाटनपछि नगरपालिकाको कार्यालयअगाडि रहेको भवनमा हालसम्म ताला खुल्न सकेको छैन ।

मिथिला नगरपालिकामा भने सुविधासम्पन्न भवन देखेर कार्यालय प्रयोजनका लागि कब्जा गर्न खोजिएको आरोपसमेत लागेको थियो । तर कृषि शाखाका कर्मचारी र किसानको विरोधपछि त्यो प्रयास सफल हुन सकेन । हाल

बाँकी पृष्ठ २ मा



# ‘शिक्षा गुणस्तर अभिवृद्धिमा सरकारी–निजी सहकार्य आवश्यक’



**महेन्द्रनगर ।**
मधेश प्रदेशसभाका सभामुख रामअशिष यादवले निजी विद्यालयले शिक्षा क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताएका छन् ।
धनुषा प्याब्सनको दोस्रो जिल्ला परिषद् भेलालाई सोमबार सम्बोधन गर्दै उनले शिक्षा गुणस्तर अभिवृद्धिका लागि सरकारी तथा निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको उल्लेख गरे । सभामुख यादवले शिक्षा क्षेत्रलाई राजनीतिक प्रभावबाट टाढा राखी नीति र व्यवहारबीच समन्वय हुनुपर्नेमा जोड दिए ।
उनले निजी तथा संस्थागत विद्यालयले अनुशासन, गुणस्तर र प्रविधिमैत्री शिक्षामा पु¥याएको योगदानको प्रशंसा गर्दै समावेशी तथा सबैको पहुँचमा शिक्षा पु¥याउनुपर्ने धारणा व्यक्त गरे । प्याब्सन धनुषाका पदाधिकारीले जिल्लामा शिक्षा क्षेत्रमा देखिएका समस्या, चुनौती र आगामी कार्ययोजनाबारे जानकारी गराएका थिए । परिषद् भेलाले सङ्गठन सुदृढीकरण तथा भावी कार्यक्रमसम्बन्धी विभिन्न प्रस्ताव पारित गरेको जनाइएको छ । भेलामा शिक्षक, विद्यालय सञ्चालक तथा शिक्षा क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूको उपस्थिति रहेको थियो ।
धनुषा प्याब्सनका अध्यक्ष नवल यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सन्त कबिर बाल आश्रमका संस्थापक समाजसेवी सन्त सत्यनारायण आलोक, प्याब्सनका प्रदेश सचिव विष्णु न्यौपाने, शिक्षा समन्वय समिति धनुषाका अध्यक्ष चेतनाथ पोखरेल, विश्वलाल सिंह, डिजे चौधरीलगायत वक्ताहरूले निजी व्यावसायिक विद्यालयले शैक्षिक गुणस्तर अभिवृद्धिमा खेलेको भूमिकाबारे आआफ्ना विचार व्यक्त गरेका थिए ।

# थकाली सेवा समितिको केन्द्रीय अध्यक्षमा तुलाचन



**मुस्ताङ ।**
थकाली सेवा समिति नेपालको केन्द्रीय अध्यक्षमा शान्ति तुलाचन निर्विरोध निर्वाचित भएका छन् । पोखरास्थित थकाली सेवा समितिको सभाहलमा सम्पन्न चौधाँ अधिवेशनले तुलाचनसहित २७ जना केन्द्रीय सदस्यलाई आगामी तीन वर्षका लागि निर्विरोध निर्वाचित गरेको हो । अध्यक्षमा तुलाचनसहित कृष्णप्रसाद शेरचनले दाबी गरे पनि बन्दशत्रमा सहमतिमै तुलाचनलाई अध्यक्ष निर्वाचित गरिएको हो ।
समितिको सदस्यमा थासाङ क्षेत्रबाट विपना शेरचन र मनप्रसाद गौचन, जोमसोम क्षेत्रबाट मिमकुमारी शेरचन, दाना तातोपानी म्याग्दी क्षेत्रबाट अमृतमान शेरचन, बुटवल क्षेत्रबाट माया गौचन र धर्मेन्द्र शेरचन, टीकापुर क्षेत्रबाट भीम शेरचन, गल्कोट क्षेत्रबाट चन्द्रप्रसाद गौचन, बागलुङ क्षेत्रबाट निर्मल गौचन, कुश्मा क्षेत्रबाट राजु तुलाचन, बेनी क्षेत्रबाट शान्ति भट्टचन चयन भएका छन् ।
यसैगरी दरबाङ क्षेत्रबाट अनुप गौचन, पोखरा क्षेत्रबाट ओम गौचन, इ रुचिन्द्र गौचन र योगेन्द्र शेरचन, वीरेठाँटी क्षेत्रबाट कृष्ण गौचन, स्यालीघाङ क्षेत्रबाट भुपालसिंह शेरचन, मुग्लिन क्षेत्रबाट विकास तुलाचन, भैरहवा क्षेत्रबाट संञ्जय शेरचन, रुकुम क्षेत्रबाट वसन्त गौचन र काठमाडौँ क्षेत्रबाट खगेन्द्र भट्टचन, इ रामकृष्ण शेरचन, मिमप्रसाद शेरचन र विश्व शेरचन निर्विरोध निर्वाचित भएका नवनिर्वाचित अध्यक्ष तुलाचनले जानकारी दिए ।
केन्द्रीय समितिको आयोजना तथा पोखरा क्षेत्रको सहआयोजनामा शुक्रबारदेखि आइतबार तीन दिनसम्म अधिवेशन सञ्चालन भएको थियो ।
नेपालमा रहेका २० वटा र विदेशमा रहेका चार वटा गरी २४ वटा क्षेत्रीय समितिबाट २ सय ४५ जनाको प्रतिनिधिको अधिवेशनमा सहभागिता थियो ।
रासस






निर्वाचन प्रहरीमा आवेदन दिनेको भिडः आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि रौतहटको जिल्ला प्रहरी कार्यालय गौरमा सोमबार निर्वाचन प्रहरीमा आवेदन दिनेको भिड । रौतहटमा ३ हजार ८५१ जना निर्वाचन प्रहरी भर्ना हुनेछन् । तस्बिरःरासस

# कला र कलाकार जोगाउन ‘लाइभ पेन्टिङ’

**काठमाडौँ ।**
एक हातमा ‘ब्रस’ र अर्को हात ‘नाइफ’सँगै सेतो क्यान्भासमा रङ्ग पोतिरहनुभएको थियो, पाका पुस्ताका कलाकार किरण मानन्धर ।
आफ्नै धुनमा क्यानभास रङ्ग्याउनमा व्यस्त देखिएका किरणको कला देखेर नेपाल–जर्मन चेम्बर अफ कमर्सका अध्यक्ष सन्तोषचन्द्र कुँवर र कलाकार अनिता भट्टराईले कला र व्यवसायको अन्तर–सम्बन्ध जोड्ने योजना बुन्दै थिए ।
भट्टराईले भने, ‘किरण दाइको चित्र व्यवसायीहरुलाई कसरी बुझाउने होला भनेर सोच्दै छु ।’
उनको मुख्य चासो नै कलाकारको मेहनत व्यवसायीले महसुस गरिदिनुपर्नेमा केन्द्रित थियो । किरणकै काम नियाली रहेका कमर्सका अध्यक्ष कुँवरले भट्टराईको मनसाय बुझेर भने, ‘कला र व्यवसायलाई एकै साथ अघि बढाउनुपर्छ भन्नेमा म पनि सहमत छु ।’
काठमाडौँमा सोमबार आयोजित नेपाल–जर्मन चेम्बर अफ कर्मस एन्ड इन्ड्रस्टीको ३० र ३१ औँ वार्षिक साधारणसभामा व्यवसाय र कलाकारबीचको सहकार्य यसरी झल्किएको थियो ।
जसलाई कलाकारसमेत रहनुभएकी अनिता भट्टराईले कला संयोजन गरेका थिए ।
लाजिम्पाटस्थित होटल ¥याडिसनमा भएको कार्यक्रममा पाका र युवा गरी १३ कलाकारले स्थलगत चित्रकला (लाइभ पेन्टिङ) कार्यशाला गरेका थिए ।



भट्टराईका अनुसार कलाकारको महत्वलाई प्रोत्साहन गर्न व्यवसायीको ठूलो सहकार्य आवश्यक हुने गर्छ । उन पछिल्लो केही वर्षदेखि अन्तरराष्ट्रिय र राष्ट्रियस्तरमा नेपाली कलाकारको कला व्यवसायलाई विस्तार गर्न प्रयत्नशील छन् । उनको विचारमा कला सङ्कलक र कला पारखीबीच अन्तर छ । ‘हामी कहाँ आर्ट कलेक्टर त भए तर, आर्ट लभर निकै कम छन्,’ उनले भने, ‘म यहाँ कलाकारको कलालाई माया गर्न व्यवसायिहरुलाई बुझाउने प्रयत्नमा छु ।’
कमर्सका अध्यक्ष कुँवरले भट्टराईको कलालाई व्यवसायमा जोड्ने अभियानलाई सकारात्मक रुपमा लिएको बताए । त्यसैले पहिलोपटक कमर्सको साधारणसभामा कलाकारलाई बोलाएर कार्याशाला गर्नुका साथै उनहरुको कलाकृति बिक्री गराउने माहोल समेत जुटाउन लागिएको बताए ।
ललितकला प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति समेत रहनुभएका कलाकार किरणले अमूर्त आकृति क्यानभासमा उतारेका थिए । यसरी प्रत्यक्ष चित्र कोर्न पाँउदा दर्शकले कलाकारको रंग र क्यानसभासको प्रक्रिया नियाल्ने मौका पाउने उनले सुनाए ।
‘कलाकारले कसरी चित्र बनाउँछ भनेर पुरै प्रक्रिया हेर्नु दर्शकका लागि रमाइलै कुरा हो नि,’ उनले भने, ‘विदेशमा स्थलगत चित्र कोर्ने संस्कृति हामी कहाँभन्दा धेरै छ । यसले कलाकारको मूल्य सर्वसाधारणलाई बुझ्न र बुझाउन निकै भूमिका खेलेको हुन्छ ।’
व्यवसायी राजीव मङ्गल जोशीले देशको कलाकार र कलाकृतिको संरक्षण गर्ने दायित्व व्यवसायीहरुको पनि रहेको बताए । चेम्बरका महासचिव एलेक्स लाल मोक्तानले आगामी दिनमा पनि चेम्बरबाट हुने अन्य गतिविधिमा कलाको सहभागिता जोड्दै जाने योजना रहेको सुनाए ।
स्थलगत चित्र कार्यशालामा किरणसँगै चित्रकार चिराग वाङ्देल, डिबी राई, सागर मानन्धर, प्रभात श्रेष्ठ, विभूषण ताम्राकार, ओम गुरुङ, विकुकुमार थापा, मन गुरुङ, मङ्गल प्रजापति, सुवास खड्का, श्याम फुयाल, युगदास मानन्धरलगायतका कलाकारले क्यानभास रङ्ग्याएका थिए ।

# कृषि सेवा केन्द्रमा ठूलो लगानी किसान सेवाबाट...

केन्द्रमा किसानहरू नियमितरूपमा सेवा लिन आउने गरेका छन् । पहिलो चरणमा धनुषामा ६, महोत्तरीमा ४, सर्लाहीमा ४, रौतहटमा ४, बारामा ४, पर्सामा ३, सिरहामा ५ र सप्तरीमा ५ गरी ३५ वटा सेवा केन्द्र निर्माण गरिएका छन् । यी केन्द्रहरू निर्माण तथा उपकरण व्यवस्थापनमा मात्र ८७ करोड ४४ लाख रुपैयाँभन्दा बढी खर्च भएको छ ।
संरचनागत रूपमा यी सेवा केन्द्रहरू पशुपन्छी उपचारका लागि मिनी अस्पतालकै रूपमा विकसित गरिएका छन् । सेवा केन्द्रमा पशुपन्छीका ससाना शल्यक्रिया, ज्वरो, गोबर र पिसाब परीक्षण, रेबिज जाँच, माटो परीक्षण, बाली परीक्षण, बीउ परीक्षण तथा बीउ उपचारसम्मको सुविधा उपलब्ध गराइएको छ । साथै किसानलाई व्यावसायिक खेती र पशुपालनमा आकर्षित गर्न विभिन्न अनुदान कार्यक्रमसमेत सञ्चालनमा छन् ।
स्थानीय तहका जनप्रतिनिधिले जिम्मेवारीपूर्वक चासो देखाउने हो भने यी सेवा केन्द्रहरू निकट भविष्यमै किसानका लागि प्रभावकारी बन्न सक्ने सरोकारवालाको विश्वास छ । तर हालको अवस्था हेर्दा ठूलो लगानी गरिएका संरचना किसानका पीडामा मलम लगाउनेभन्दा बढी शोभाका वस्तुमा सीमित हुने खतरा देखिएको छ ।

# राष्ट्रियसभा निर्वाचनमा कांग्रेस–एमाले–जसपा...

तहका प्रमुख–उपप्रमुख छन्, जसबाट ३ हजार ४ सय ८५ मतभार बनेको छ । २४ प्रदेशसभा सदस्य र ५५ स्थानीय तहका प्रतिनिधिसहित एमाले दोस्रो स्थानमा छ, जसको कुल मतभार २ हजार ३ सय १७ छ ।
तेस्रो शक्तिको रूपमा जसपा नेपाल देखिएको छ । जसपाका १८ प्रदेशसभा सदस्य र ५० स्थानीय तहका प्रतिनिधिबाट १ हजार ९ सय ४ मतभार छ । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सँग ८ प्रदेश सांसद र २४ स्थानीय तहका प्रतिनिधिबाट ८ सय ८० मतभार छ ।
माओवादी केन्द्रसँग ९ प्रदेशसभा सदस्य र १६ स्थानीय तहका प्रतिनिधिबाट ७ सय ८१ मतभार छ भने नेकपा (एकीकृत समाजवादी) सँग ७ प्रदेश सांसद र ११ स्थानीय तहका प्रतिनिधिबाट ५ सय ८० मतभार रहेको छ ।जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, संघीय समाजवादी पार्टी, विवेकशील साझा पार्टी तथा केही स्वतन्त्र जनप्रतिनिधिले कुन गठबन्धनलाई समर्थन गर्ने भन्ने अझै टुंगो लागिसकेको छैन । जनमत पार्टीसँग १३ प्रदेश सांसद र ३ स्थानीय तहका प्रमुख–उपप्रमुखबाट ७ सय ४६ मतभार छ । नागरिक उन्मुक्ति पार्टी, राप्रपा र संघीय समाजवादी पार्टीसँग समान १–१ प्रदेशसभा सदस्यबाट ५३–५३ मतभार छ भने स्वतन्त्रतर्फ ३ स्थानीय तहका प्रतिनिधिबाट ५७ मतभार रहेको छ ।
हालको राजनीतिक समीकरण अनुसार साना र मध्यम दलहरूको समर्थन पाए पनि माओवादी केन्द्र र नेकपा एस एक भएर राष्ट्रियसभा निर्वाचन जित्ने सम्भावना न्यून देखिएको विश्लेषकहरूको भनाइ छ । निर्वाचन आयोगको कार्यतालिका अनुसार पुस १९ गते मतदाता नामावली सार्वजनिक भइसकेको थियो । दाबी–विरोधपछि पुस २२ गते अन्तिम मतदाता नामावली प्रकाशन गरिएको थियो । पुस २३ गते उम्मेदवारी दर्ता, पुस २४ गते उजुरी, पुस २७ गते उम्मेदवारी फिर्ता तथा पुस २८ गते निर्वाचन चिह्न वितरण गरिएको थियो । मतदान माघ ११ गते बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म हुनेछ ।

उम्मेदवारी फिर्ता भएन

मधेश प्रदेशबाट राष्ट्रियसभा सदस्य निर्वाचनका लागि मनोनयन दर्ता गरेका कुनै पनि उम्मेदवारले उम्मेदवारी फिर्ता नलिएको निर्वाचन कार्यालयले जनाएको छ । निर्वाचन अधिकृत सुभाषबाबु पुरीका अनुसार चार समूह—अन्य, अपाङ्गता–अल्पसंख्यक, महिला र दलित—का लागि ११ जना उम्मेदवार चुनावी मैदानमा छन् ।
कांग्रेस–एमाले गठबन्धनसँग सहकार्य गर्दै उम्मेदवारी दिएका जसपा नेपालका उम्मेदवारहरूले पनि मनोनयन फिर्ता लिएका छैनन् । गठबन्धनअनुसार मधेश प्रदेशको ‘अन्य’ समूहबाट जसपा नेपाललाई एक सिट दिने सहमति भएको थियो, जसअनुसार तत्कालीन लोसपा अध्यक्ष महन्थ ठाकुर उम्मेदवार बनेका छन् ।
जसपा नेपाल र लोसपाबीच एकीकरणको निर्णय भए पनि औपचारिक प्रक्रिया पूरा नहुँदा जसपा नेपालले अपाङ्गता–अल्पसंख्यक, महिला र दलित समूहमा छुट्टै उम्मेदवारी दर्ता गराएको थियो । जसपा नेपालले दलिततर्फ चमेली देवी दास, महिलातर्फ चन्द्रकला साह र अल्पसंख्यकतर्फ शैलेश चौधरीलाई उम्मेदवार बनाएको छ । आइतबार जसपा नेपाल र लोसपा नेपालबीच एकताकालागि १२ बुँदे सहमति भएसंगै जसपा नेपालको तर्फबाट उम्मेदवारी दिएका उम्मेदवारहरुको उम्मेदवारी निष्क्रिय भएको छ ।

# जनकपुरधाम स्थित सुनैना आँखा अस्पतालको सहकार्यमा लक्ष्मीनियामा ११० जनाको नि:शुल्क मोतियाबिन्दु शल्यक्रिया

**जनकपुरधाम ।**
जनकपुरधामको कदमचोक स्थित सुनैना आँखा अस्पताल र धनुषाको लक्ष्मीनिया गाउँपालिकाको सहकार्यमा सञ्चालन गरिएको नि:शुल्क आँखा शिविर सफलतापूर्वक सम्पन्न भएको छ। लक्ष्मीनिया गाउँपालिकाका वडा नं.–१ देखि वडा नं.–७ सम्मका सबै वडामा आयोजना गरिएको उक्त शिविरबाट १ हजार १ सय भन्दा बढी स्थानीय बासिन्दाले आँखा परीक्षण गराएका छन्।




शिविरमा गरिएका परीक्षणका क्रममा २५० जनामा मोतियाबिन्दुको समस्या देखिएको छ भने ३० जनामा आँखाको नानीमा मासु पलाउने समस्या पहिचान भएको छ। पहिचान भएका मोतियाबिन्दुका बिरामीहरूमध्ये ११० जनाको सुनैना आँखा अस्पतालमा नि:शुल्क शल्यक्रिया गरिएको अस्पतालले जनाएको छ। शल्यक्रिया गरिएका सबै बिरामीलाई अस्पतालले निःशुल्क खानपान, बसोबास तथा आवश्यक औषधि समेत उपलब्ध गराएको छ। साथै बिरामीहरूलाई अस्पतालसम्म ल्याउने र उपचार पश्चात् पुनः घर फर्काउने सम्पूर्ण यातायात खर्च लक्ष्मीनिया गाउँपालिकाले व्यहोरेको गाउँपालिकाले जनाएको छ। ग्रामीण तथा आर्थिक रूपमा कमजोर वर्गका नागरिकहरूलाई लक्षित गरी आयोजना गरिएको यो शिविरले आँखा उपचारबाट वञ्चित धेरै नागरिकलाई प्रत्यक्ष राहत पुगेको स्थानीयवासीहरूले बताएका छन्। समयमै उपचार नपाउँदा दृष्टि गुमाउने जोखिममा रहेका बिरामीहरूका लागि यो शिविर अत्यन्तै उपयोगी सावित भएको उनीहरूको भनाइ छ।

सुनैना आँखा अस्पताल निजी अस्पताल भए पनि स्थापना कालदेखि नै न्यूनतम शुल्कमा सेवा दिँदै आएको अस्पताल प्रशासनले जानकारी दिएको छ।

अस्पतालले आँखा जाँच शुल्क मात्र ५० रुपैयाँ लिँदै आएको छ। साथै, अनुभवी नेत्र रोग विशेषज्ञहरूद्वारा परीक्षण, अत्याधुनिक प्रविधियुक्त उपकरणमार्फत उपचार तथा गुणस्तरीय सेवाका कारण अस्पतालले छोटो समयमा नै नागरिकको विश्वास जित्न सफल भएको जनाएको छ। स्वास्थ्य क्षेत्रमा स्थानीय सरकार र निजी क्षेत्रबीचको सहकार्यले समुदायस्तरमा सकारात्मक परिवर्तन ल्याउन सकिने उदाहरणका रूपमा यो शिविरलाई लिइएको छ।

# प्रदेश मन्त्रिपरिषद् बैठकः प्रवक्तामा राय

**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले सरकारको प्रवक्तामा प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री जङ्गीलाल रायलाई तोकेको जनाएको छ। प्रदेश सरकारका मुख्यमन्त्री कृष्णाप्रसाद यादवको अध्यक्षतामा सोमबार बसेको बैठकले यस्तो निर्णय गरेको हो।

साथै बैठकले प्रदेशस्तरीय समस्या समाधानका लागि तीनवटा उच्चस्तरीय समितिसमेत गठन गरेको मुख्यमन्त्री मन्त्रिपरिषद् सचिवालयले जनाएको छ। सरकारले प्रदेशमा रहेको राजनीतिक, प्रशासनिक, कानूनी तथा आर्थिक–सामाजिक समस्याको अध्ययन समाधानका लागि तीन–तीन सदस्यीय समिति गठन गरेको हो।

राजनीति तथा प्रशाासनिक समितिको संयोजकमा भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्याम पटेललाई तोकिएको छ, भने त्यस समितिको सदस्यमा खेलकुद तथा समाज कल्याणमन्त्री वसन्त कुशवाहा तथा उद्योग वाणिज्य तथा पर्यटनमन्त्री कनिश पटेल सदस्य रहेको बताइएको छ।

कानून, न्याय तथा मामिला समितिको संयोजकमा श्रम तथा यातायातमन्त्री मनिष सुमनलाई तोकिएको छ। समितिको सदस्यमा गृह, सञ्चार तथा कानूनमन्त्री फकिरा महतो तथा वन तथा वातावरणमन्त्री शङ्करप्रसाद चौधरीलाई तोकिएको मुखयमन्त्री यादवले जानकारी दिए।

त्यसैगरी आर्थिक तथा सामाजिक समितिको संयोजकमा अर्थमन्त्री महेश यादवलाई तोकएको छ, भने समितिको सदस्यमा भौतिक तथा पूर्वाधारमन्त्री राजकुमार गुप्ता र शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारी रहेको जनाइएको छ। मधेश प्रदेश सरकारले समितिमार्फत समस्याको पहिचान, तथा समाधान गर्ने बताइएको छ।

मधेश प्रदेश सरकारका प्रवक्ता नियुक्त भएका मन्त्री जङ्गीलाल रायले सञ्चार क्षेत्रसँग समन्वय गरेर कार्यगर्ने बताएका छन्। प्रदेश सरकारले पादर्शी भई सबैको सहयोगमा काम गर्ने उनको भनाइ छ।

# तिलावे खोलाको पुल निर्माण सुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
गण्डक नहरस्थित तिलाबे खोलाको बेली ब्रिज निर्माण कार्य सुरु भएको छ। नारायणी सिँचाइ व्यवस्थापन कार्यालय वीरगंजका सूचना अधिकृत एवं इन्जिनियर सुरेशप्रसाद साहले उक्त बेली ब्रिज निर्माणको पुनः टेण्डर आह्वान भएपछि यसै सातादेखि बेली ब्रिज निर्माणको काम सुरु भएको बताए।

ठेकेदार ममता इन्टरप्राइजेज एण्ड कन्सट्रक्सन प्रालि भक्तपुरले साइट सफा गर्ने र सामान झार्ने आदि काम सुरु गरेको छ। २०८२ मंसिर २९ मा पुल निर्माणको सम्झौता भई २०८३ जेठ १ सम्ममा पुल निर्माण गरी हस्तान्तरण गरी सक्नुपर्ने सम्झौता भएको छ। ४८ मिटर लामो बेली ब्रिज निर्माणको ठेक्का कम्पनीले २ करोड ४६ लाख ६० हजार ८ सय १२ रुपैयाँ १७ पैसामा (मूल्य अभिवृद्धि करसहित) पाएको हो। जिल्ला सदरमुकाम वीरगंजलाई जिल्लाको उत्तरी पश्चिमी भेगसँग जोड्ने गण्डक नहरको एप्रोच सडकमा रहेको साबिकको पक्की पुल अढाई वर्षअघिको बाढीले क्षतिग्रस्त भएको थियो।

# १३ वर्षको उमेरमा नागरिकता पाउने आश

**सर्लाही ।**
उमेरले नौ दशक बढि पुगेकी वृद्धा सुनमाया सुनुवारको अहिले एउटै आश मर्ने बेलामा एक थान नागरिकता र त्यसले दिने सामाजिक सुरक्षा भत्ता पाउने छ। सर्लाहीको हरिवन नगरपालिका–१ बोरसटोल बस्ने वृद्धा सुनुवारको उमेर ढल्केसँगै पुराना यादहरू धमिलो भइसकेका छन्। आफू जन्मेको ठ्याक्कै तिथिमिति उनीलाई याद छैन।

'आमा शुभलक्ष्मी सुनुवारले ९० सालको भुइँचालो आउँदा तिमी एक वर्ष कि थियौँ, तिमी दसैँताका जन्मिएकी हौँ भन्नुभएको थियो', उनले भनिन्। यो डाडाँमाथिको उमेरसँगै चुरेको फेदीमा छोरी मिना सुनुवारको घरमा शरण लिएर बस्दै आएकी सुनमायाले दुई विवाह गरेर सात सन्तान जन्माएकी छिन्। त्यसमध्ये छ जना जीवित रहेका उनले बताउँछिन्।

तिथिमिति याद छैन। ठ्याक्कै ठाउँ भुलिसके। तर, पहिलो विवाह हालको बागमती नगरपालिकास्थित सोल्टीमा भएको हो सुनमायाले भनिन्, पहिलो विवाह राम्रो नभएपछि साविक अत्रौली गाविस वडा नं ४ निवासी कमानसिं पुलामीसँग दोस्रो विवाह भएको थियो। छोराछोरी जन्मिए, हुर्किए। त्तकालीन समयमा सरकारी कागजातको खासै मतलब हुँदैनथ्यो। आफूले पनि वास्ता गरिन्। अहिले समस्या भएको छ। नागरिक नहुँदा कुनै गन्तीमा नै परिएको छैन।

पहिलो श्रीमान्सँग हुँदा नागरिकता बनेको आफूलाई थोरै सम्झना भएपनि त्यसको अहिले उनीसँग कुनै प्रमाण छैन। धेरै समयकाल बिते, त्यो पनि कता प¥यो कुनै भेउ छैन। जिल्ला प्रशासन कार्यालय सर्लाहीबाट जारी भएको नागरिकता सशस्त्र द्वन्द्वको समयमा आगलागी हुँदा कार्यालयको रेकर्ड जलेर खरानी भयो।

अहिले फेरि बनाउन आवश्यक कागजात पुगेको छै छोरी मीना सुनुवारले भनिन्।

अरु कुनै प्रयोजन नभएपनि राज्यले वृद्ध अवस्थामा दिने सुविधा पाउन आफू एक थान नागरिकता कुरिरहेको सुनमायाले सुनाइन्। कुराकानीका क्रममा निराशासँगै उनले आफ्नो समस्या समाधानमा पहल गरिदिन आग्रह गरिन्।

छिमेकमा आफूभन्दा कम उमेरका साथीसङ्गीले राज्यले दिने सामाजिक सुरक्षा भत्ता तीन महिनामा थापेर आएको सुन्दा आफू जस्तो निमुखाको पनि दिन आउछ कि भन्ने लागेको उनले बताइन्। 'छोरीले दौडधुप गर्दा पनि नभएपछि अहिले हरेस खाएर बसेका छौँ। छोरीको घरमा बसेको छु, बुढेसकाल लागे पनि भोक लाग्छ, के गर्नु ?', उनले दुःखेसो पोखिन्। सरकारले दिने भत्ता पाए छोरीमाथिको बोझ कम हुने सुनमायाले आशा व्यक्त गरिन्। आफू जनप्रतिनिधि हुनुभन्दा पहिलादेखि वृद्ध सुनमाया आमाको अनुहारमा हाँसो ल्याउन गरेको प्रयास पटकपटक असफल भएको हरिवन नगरपालिका–१ का वडाध्यक्ष टमबहादुर घिसिङले बताए।

यस्ता वृद्धवृद्धा एउटा कागजातको अभावमा राज्यको सम्पूर्ण सेवासुविधाबाट बञ्चित हुनुपरेको देख्दा आफू स्थानीय सरकारको वडाध्यक्षभन्दा मन अमिलो हुने गरेको उनले भने। बेलाबेलामा आफू भेट्न जाने गरेको भन्दै प्रत्येक पटक आमाले आफ्नो नागरिकता कसरी र कहिले बन्छ ?

भनेर सोध्ने गर्नुभएको वडाध्यक्ष घिसिङको भनाइ छ। मैले आमाको फोटो मोबाइलमा राखेर सहयोगको याचना गर्दै हिँडेको धेरै भयो उनले भने, 'जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी परिवर्तन हुनासाथ पुग्ने गरेको छु'। आफू वडाध्यक्ष भएकै समयमा ज्येष्ठ नागरिक सुनमायालाई नागरिकता दिलाएर सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने रहर रहेको वडाध्यक्ष घिसिङले बताए। राज्यले दिलाउने भत्ता मात्र दिन पाए वृद्ध आमाले बिमारी हुँदा औषधिमूलो र आफूलाई मन लागेको खानेकुरा खानका लागि अरुको मुख ताक्नु पर्दैनथ्यो उनले बताए। रासस

# प्रसौनी गापाको १८ औँ गाउँसभा सम्पन्न

**मधशेदृष्टि**
**कलैया ।**
प्रसौनी गाउँपालिकाको १८ औँ गाउँसभा अधिवेशन गाउँ कार्यपालिकाको कार्यालय, प्रसौनीमा सम्पन्न भएको छ। अधिवेशनले आर्थिक वर्ष २०८२÷०८३ का लागि संशोधित बजेट, नीति तथा कार्यक्रममाथि छलफल गर्दै स्थानीय सरकारलाई अझ प्रभावकारी बनाउने महत्वपूर्ण निर्णयहरू पारित गरेको छ।

कार्यक्रममा मन्तव्य व्यक्त गर्दै प्रमुख प्रशासकीय अधिकृत नविन कुमार श्रीवास्तवले संविधानले स्थानीय तहलाई दिएको अधिकार र जिम्मेवारी स्मरण गर्दै जनप्रतिनिधि र कर्मचारीबीचको समन्वयले मात्र सुशासन, पारदर्शिता र दिगो विकास सम्भव हुनेमा जोड दिए।

गाउँपालिका अध्यक्ष विनोद प्रसाद जयसवालले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, रोजगारी र सामाजिक न्यायलाई प्राथमिकतामा राखेर बजेट तथा कार्यक्रम निर्माण गरिएको उल्लेख गरे।

विकास केवल कागजमा सीमित नहुने, गाउँ–बस्ती र जनजीवनमा प्रत्यक्ष देखिने गरी कार्यान्वयन हुने अध्यक्षले प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा उपाध्यक्ष किरण देवीले सामाजिक समावेशिता, महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित तथा विपन्न समुदायलाई केन्द्रमा राखेर नीति तथा कार्यक्रम तय गरिएको जानकारी दिइन्। अधिवेशनमा वडा अध्यक्ष, गाउँसभा सदस्य, कर्मचारी र सरोकारवालाहरूको उल्लेखनीय उपस्थिती रहेको थियो। १८ औँ गाउँसभा अधिवेशनको सफलतासँगै प्रसौनी गाउँपालिकाले जनमुखी, उत्तरदायी र दिगो स्थानीय शासनको दिशामा थप मजबुत कदम अघि बढाएको अपेक्षा गरिएको छ।

# निःशुल्क सेवा दिनेलाई अटो हस्तान्तरण

**मधेशदृष्टि**
**वीरगंज ।**
क्यान्सर पिडितका लागि निःशुल्क अटो सेवा दिंदै आएका, ठोरी गाउँपालिका वडा नं. १ निवासी आकाश अर्याललाई, ठोरी गाउँपालिकाले नयाँ अटो हस्तान्तरण गरेको छ। ठोरी गाउँपालिका अध्यक्ष लालाबहादुर श्रेष्ठले चितवन भरतपुर पुगेर अर्याललाई अटो हस्तान्तरण गरेका हुन्।

अटो चालक अर्यालले चितवन भरतपुर क्यान्सर अस्पताल क्षेत्रमा रहेर, क्यान्सर पीडितहरूलाई अस्पतालसम्म पुग्न वा अस्पतालबाट बसपार्कलगायतका स्थानमा जान, निश्शुल्क अटो सेवा प्रदान गर्दै आएको छ। सामान्य परिवारका अर्यालको सेवाभावलाई कदर गर्दै, नयाँ अटो खरिद गर्न गाउँपालिकाले तीन लाख रुपैयाँ नगद सहयोग गरेको थियो।

तीन लाख रुपैयाँ सहयोगी दाताहरूबाट प्राप्त समेत गरि ६ लाख रुपैयाँको लागतमा अटो खरिद गरिएको ठोरी गाउँपालिका उपाध्यक्ष गोकुली कुमारी रेग्मीले जानकारी दिइन्।

# सासूको उत्प्रेरणाले 'मिनिल्याप' गराउँदै बुहारीहरू

**महोत्तरी ।**
सुन्दरपुरवासीले पारिलो घामको रापमा आनन्द लिन नपाएको झन्डै महिनादिन बितिसकेको छ। हुनतः यो याम मधेसमा मध्य शीतलहर हुने समय हो। विशेष गरेर साँझ बिहान चल्ने चिसो सिरेटोसँगै शीतले दैनिकीलाई अत्यन्त कष्टकर बनाउँदछ। जिल्लाको अति दुर्गम यस भेग पनि शीतलहरबाट अछुतो छैन, चिसोको क्रम झन् बढ्दो छ। दिनका समय घुरमाइलो हुन्छ।

टोलमा फाट्टफुट्ट मात्र मानिसको आवतजावत देखिन्छ। शीतलहरको चिसोमा सोनमा गाउँपालिका–३ रघनाथपुरकी छ दशक पार गरेकी सनिचरी राउतको अन्तरआत्मा रापिलो देखिन्छ। उनी अत्यन्त खुसी देखिन्छिन्। उद्घाटन गर्न पनि नभ्याएको सोनमा–७ सुन्दरपुरस्थित आधारभूत स्वास्थ्य सेवा केन्द्रको पक्की भवन हेर्न मात्र पनि उनी दिनको एकपटक आउँछिन्।

भवनका प्राङ्गणमा भेटिएकी महिला अगुवा राउतले रमाउँदै भनिन् ठन्डी त कति आए, कति गए। गाउँमै डाक्टर, उपचार, औषधि पाउने दिन देख्न पाइएला जस्तो लागेको थिएन। अब सामान्य बिरामी भएर पनि अकालमा मर्न नपर्ला। गाउँमै स्वास्थ्य सेवा पाउँदा रमाइलो लागेको छ।

महिला स्वयंसेविका कार्यक्रमको सुरुआती दिनदेखि अविछिन्न सेवामा तल्लीन हुँदै आइरहेकी ६५ वर्षीया राउत (दलित÷अतिविपन्न) आफ्नो समुदायको पहिलो महिला स्वयंसेविका हुन्। उनीका अनुसार गाउँमा सामान्य बिरामी पर्दा कम्तीमा एक÷दुई घण्टाका स्वास्थ्य संस्थामा जानुपर्दथ्यो। जिल्लाको अति दुर्गमभित्र पर्ने यो गाउँमा 'सुख र दुःखकी आमा' कहलिएकी उनले भनिन्, 'म जिम्मेवारीबाट हटे पनि काम गर्न छाडेको छैन। मन मान्दैन। गाउँ नडुलेका दिन राम्ररी निद्रा लाग्दैन'।

गाउँका अधिकांशलाई पायक पर्ने स्थानमा बनेको नयाँ स्वास्थ्य चौकीको भवनबाट गत हप्ता मात्र आधारभूत सेवा थालनी भएको थियो। यही अवसरमा जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीले गाउँपालिकाको समन्वयमा मेरी स्टोप्स (एमएसआई), सुनौलो परिवार नेपालको प्राविधिक सहयोगमा निःशुल्क 'एकीकृत परिवार योजना शिविर' यही पुस २४ र २५ मा सञ्चालन गरेको थियो।

महिला स्वयंसेविका राउतले भनिन् मेरी पाँच बुहारीमध्ये तीनवटीले 'मिनिल्याप' गराइसके, चौथो बुहारीले पनि गराउँदै छिन्। सो स्वास्थ्य केन्द्रमा कार्यरत जनस्वास्थ्य अधिकृत विश्वेश्वर रामका अनुसार शिविरको पहिलो दिन स्वयंसेविका राउतले सन्तानको रहर पुगेका ६ जना महिलालाई शिविरमा ल्याएर 'मिनिल्याप' गराउन सहजीकरण र समन्वय गरेकी थिइन् भने दोस्रो दिन आफ्नी बुहारीसहित तीन जनालाई ल्याएकी थिइन्।

सनिचरीकी ३० वर्षीया बुहारी मनतोरियाले हरेक वर्ष जस्तै पाँच सन्तानलाई जन्म दिएकी छिन्। तीन छोरी र दुई छोराकी आमा उनले भनिन् सासूआमाले सन्तानको रहर पुगेको भए, स्थायी बन्ध्याकरण गर भन्नुभयो, श्रीमान्ले सहमति दिनुभयो, सासूआमाको साथ लिएर शिविरमा आएकी हुँ। स्थायी बन्ध्याकरण मिनिल्याप गराउँदछु। गाउँभन्दा अन्यत्र जान नपर्ने, पैसा नलाग्ने भएकाले शिविरमा आएँ।

स्वयंसेविका सनिचरीले गाउँमा बन्ध्याकरण शिविर आउने जानकारी टोलका घरघरमा छ–सात दिनसम्म डुलेर भनेकी थिइन्। सन्तानका रहर पुगेका सबैजसो पुरुष र महिला एवं तिनका अभिभावकलाई भेट गरेकी थिइन।

उनले भनिन् पहिला पहिला मलाई सन्तानको रहर पुगेपछि अस्थायी साधन प्रयोग गर्नुपर्छ, स्थायी बन्ध्याकरण गर्नुपर्छ, परिवार नियोजनको साधन प्रयोग गर्नुपर्छ भनेर सिकाउँदा पिट्न आउँथे, टोलमा नआउनु भन्ने धम्की दिन्थे। अहिले बन्ध्याकरण शिविर कहिले आउँछ भनेर सोध्दछन्। परिवार नियोजनका अस्थायी साधन छ भनेर माग्दछन्। अझै पनि पुरुष स्थायी बन्ध्याकरण गराउन मान्दैनन्। स्थायी बन्ध्याकरण सेवा लिन बर्दिवास, गौशाला अथवा जनकपुर जानुपर्दथ्यो। भारतमा गएर पनि बन्ध्याकरण गराउँथे। अहिले गाउँमा शिविर आउँदा सजिलो त हुने नै भयो।

सोनमा–७ सुन्दरपुरकी चार छोरी र दुई छोराकी आमा तोरिया साह घर नजिकै बन्ध्याकरण शिविर सञ्चालन भएकाले स्थायी बन्ध्याकरणको सेवा लिन आएको बताउँछिन्। अन्यत्र भए जानुहुन्नथ्यो र ? जवाफमा उनले भनिन् 'श्रीमान् घर हुनुहुन्न, बालबच्चा कसलाई छाडेर जाने ? स्वयंसेविका सनिचरीले स्थायी बन्ध्याकरण गराऊ केही हुन्न भन्नुभयो। श्रीमान्लाई फोन गरेर सोधेँ हुन्छ भनिन्। आफन्तलाई घर कुर्न राखेर यहाँ आएँ।' सोनमा–६ तरहारी टोलकी दुई छोरा एक छोरीकी आमा रुवी यादव आफ्नी नन्द रुकमणी यादव स्वास्थ्यकर्मी भएकाले शिविरमा आएको बताए। रुवीले भनिन् नन्दले सन्तानको रहर पुगेको भए स्थायी बन्ध्याकरण गर केही हुन्न भन्नुभयो, के गर्नु श्रीमान्ले स्थायी बन्ध्याकरण गर्न मान्नुहुन्न। गाउँमै शिविर आउँदा सजिलो हुन्छ भन्नुभयो, म जिम्मा लिन्छु भन्नुभयो।

जनस्वास्थ्य अधिकृत राम आफ्नो टोलमा विपन्न÷दलित समुदाय (मुसहर)को पहिलो स्वास्थ्यकर्मी छन्। उनी भन्छन्, 'स्वास्थ्य सेवासम्बन्धी समुदायमा सचेतना विस्तारै बढ्दैछ। परिवार व्यवस्थापन अन्तर्गत स्थायी बन्ध्याकरण÷अस्थायी साधनको प्रयोगका बारेमा खुलेर कुरा गर्न थालेका छन्। पहिला पहिला त यस्ता सेवाको पुहुँच थिएन, अहिले सेवा छ, जानकारी नहुँदा केही समस्या छ, यसलाई विस्तारै अन्त्य गर्दैछौँ। 'भ्यासेक्टोमी' गराएमा श्रम गर्न सकिँदैन, बल घट्छ भन्ने अझै पनि यहाँ गलत मान्यता रहेको छ। यसलाई अन्त्य गर्न समस्या छ।'

एमएसआई÷सुनौलो परिवार नेपालका तर्फबाट शिविरको संयोजन गरेकी प्रतिमा आचार्यले विकट क्षेत्रका विपन्न समुदायलाई परिवार व्यवस्थापनको सेवालाई पहुँचमा ल्याउन समन्वकारी माध्यमबाट सम्भव भएको बताइन्। उनले भनिन् 'यस्ता शिविरमा सेवाग्राही ल्याउन महिला स्वयंसेविका, स्वास्थ्यकर्मी, गाउँका अगुवाको महत्त्वपूर्ण सहयोग गरेका हुन्छन्। हामी प्राविधिक सहयोग गर्दछौँ। 'मिनिल्याप' सेवा लिने धेरै हुन्छन् 'भ्यासेक्टोमी' न्यून हुन्छन्।' ग्रामीण क्षेत्रमा बन्ध्याकरणको शिविर सञ्चालनका पर्खाइमा बसेकाहरूका लागि निःशुल्क एकीकृत परिवार व्यवस्थापनको शिविर अति महत्वपूर्ण भएको छ। सोनमा गाउँपालिका, स्वास्थ्य शाखा प्रमुख विनोद साह नियमित सेवा उपलब्ध गराउन नसक्ने अवस्थामा शिविरमार्फत प्रदान गरिने बन्ध्याकरण सेवा विपन्न र ग्रामीण क्षेत्रमा महत्वपूर्ण हुने बताउँछन्। उनी भन्छन्, 'अझैपनि स्थायी बन्ध्याकरण सेवाका लागि यस्ता शिविरको उपयोगिता घटेको छैन। शिविरमा किन पुरुष 'भ्यासेक्टोमी' सेवा आउँदैनन् भन्ने कुरामा सचेतना बढाउनुपर्छ।'

# खासा वनमा डढेलो लागेपछि तातोपानी नाका बन्द

**चौतारा ।**
चीनको न्यालम–खासा क्षेत्रको सीमावर्ती वनमा भीषण आगलागी भएपछि नेपाल–चीन उत्तरी व्यापारिक नाका तातोपानी आजदेखि पूर्ण रूपमा बन्द गरिएको छ।

चिनियाँ प्रशासनले सुरक्षा जोखिम बढेको भन्दै नाकाबाट हुने सम्पूर्ण आवतजावतमा रोक लगाएको हो। आइतबार राति न्यालम र खासाको मध्यभागसहित 'छोबिन' क्षेत्रमा शुरु भएको आगलागी हालसम्म नियन्त्रणमा नआएपछि नाका बन्द गर्ने निर्णय गरिएको इलाका प्रहरी कार्यालय कोदारीका प्रहरी निरीक्षक जगतबहादुर राईले जानकारी दिए। आगो फैलँदै गएपछि स्थानीय तथा पर्यटक आवतजावतसँगै मालबाहक सवारीसाधनको आवागमनसमेत बन्द गरिएको उनले बताए।

प्रहरी निरीक्षक राईका अनुसार गत वर्षको बाढीले रसुवा नाका बन्द भएपछि चीनसँगको अधिकांश व्यापार तातोपानी नाकामार्फत हुँदै आएको छ। सोमबारदेखि नाका बन्द भएपछि सामान बोकेका कन्टेनर रोकिएर समस्या भएको नेपाल ट्रक कन्टेनर मजदुर सङ्घका अध्यक्ष अर्जुन सापकोटाले बताए।

# इजाजत प्राप्त हातहतियार बुझाउन निर्देशन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्ने उद्देश्यले महोत्तरी जिल्लामा इजाजत प्राप्त हातहतियार अनिवार्य रूपमा बुझाउन निर्देशन दिइएको छ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले सार्वजनिक सूचना जारी गर्दै जिल्लाभित्र रहेका सबै इजाजत प्राप्त हातहतियार धनीलाई सूचना प्रकाशन भएको मितिदेखि १५ दिनभित्र नजिकको प्रहरी इकाइ वा जिल्ला प्रहरी कार्यालयमा हातहतियार बुझाउन आग्रह गरेको हो।

निर्वाचनका क्रममा सुरक्षा संवेदनशीलता बढ्ने भएकाले सम्भावित जोखिम न्यूनीकरण गर्न यस्तो निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए। उनका अनुसार बुझाइएका हातहतियार निर्वाचन प्रक्रिया सम्पन्न भएपछि सम्बन्धित धनीलाई सुरक्षित रूपमा फिर्ता गरिनेछ।

सूचनामा तोकिएको समयसीमाभित्र हातहतियार नबुझाएमा वा आदेशको अवज्ञा गरेमा प्रचलित कानुनअनुसार हातहतियार जफत गरी कानुनी कारबाही अघि बढाइने चेतावनीसमेत दिइएको छ।

जिल्ला प्रशासन कार्यालयले प्रतिनिधिसभा निर्वाचनलाई शान्त, मर्यादित र विश्वसनीय बनाउन सबै नागरिक, राजनीतिक दल तथा सरोकारवाला पक्षलाई प्रशासनसँग सहकार्य गर्न आग्रह गरेको छ।

## सम्पादकीय

## समय होइन, दिशा परिवर्तनः

# विशेष महाधिवेशनले खोलेको कांग्रेसको नयाँ अध्याय

नेपाली कांग्रेसको विशेष महाधिवेशनले औपचारिक रूपमा जे निर्णय ग¥यो, त्योभन्दा गहिरो सन्देश राजनीतिक रूपमा प्रवाहित भएको छ—कांग्रेसले अब नयाँ नेतृत्व खोजिरहेको छ र शेरबहादुर देउवाको युग समापनतर्फ उन्मुख छ भन्ने संकेत । यो महाधिवेशन कुनै आकस्मिक घटना होइन । लामो समयदेखि थुप्रिँदै आएको असन्तोष, संगठनात्मक जडता र चुनावी निराशाको परिणामस्वरूप आएको दबाबको विस्फोट हो । संस्थापन पक्षले 'समयमै महाधिवेशन' भन्ने तर्क अघि सारे पनि कार्यकर्ताको मनोविज्ञान फरक थियो—उनीहरू समय होइन, दिशा परिवर्तन खोजिरहेका थिए।

शेरबहादुर देउवाको योगदान अस्वीकार गर्न मिल्दैन । शान्ति प्रक्रियादेखि संविधान कार्यान्वयनसम्म, सत्ता र प्रतिपक्ष दुवै अवस्थामा उनले पार्टीलाई सम्हाले । तर त्यही लामो उपस्थितिले कांग्रेसलाई नेतृत्व–केन्द्रित, अवसरवादी र निर्णयहीन बनाएको आलोचना बलियो हुँदै गयो । विशेष महाधिवेशनले यही थकानलाई औपचारिक स्वर दिएको हो । यो महाधिवेशनले नयाँ पुस्तालाई मात्र होइन, पार्टीभित्रको वैचारिक पुनर्संरचनाको माग पनि अघि सारेको छ । गगन थापा र विश्वप्रकाश शर्माजस्ता महामन्त्रीहरू विशेष महाधिवेशनको पक्षमा उभिनु व्यक्तिगत महत्वाकांक्षा मात्र होइन; त्यो कार्यकर्ता र मतदाताको बदलिँदो चेतनाको प्रतिनिधित्व हो। कांग्रेस अब केवल इतिहासको गर्वमा होइन, भविष्यको एजेन्डामा उभिनुपर्ने दबाबमा छ । महत्वपूर्ण कुरा के हो भने, यो प्रक्रिया देउवाविरुद्धको व्यक्तिगत आन्दोलन होइन। यो संस्थागत सुधारको राजनीतिक संकेत हो—जहाँ नेतृत्वले आफैँ समय चिनेर बिदा लिनु लोकतान्त्रिक परम्पराको परिपक्व उदाहरण मानिन्छ । यदि देउवाले यसलाई सम्मानजनक अवकाशको अवसरका रूपमा लिए भने, उनी कांग्रेस इतिहासमा अवरोध होइन, संक्रमणका नेतृत्वकर्ताका रूपमा स्मरण हुनेछन्।

तर जोखिम पनि कम छैन। नयाँ नेतृत्व चयनको प्रक्रिया यदि गुटीय बदला, अनुशासनहीनता र अस्थिर गठबन्धनमा फस्यो भने कांग्रेस पुनः आत्मघाती चक्रमा प्रवेश गर्न सक्छ । विशेष महाधिवेशनले नेतृत्व परिवर्तनको ढोका खोलेको हो, समाधानको ग्यारेन्टी दिएको होइन। अन्ततः, यो महाधिवेशनले कांग्रेसलाई एउटै प्रश्नको सामना गराएको छ—के पार्टी व्यक्तिबाट चल्ने रहिरहन्छ, कि संस्थाबाट ? देउवालाई बिदा लिन निर्देश गरेको देखिने यो संकेत यदि संस्थागत विवेकमा रूपान्तरण भयो भने, कांग्रेस पुनर्जागरणको बाटोमा अघि बढ्न सक्छ । नत्र, नेतृत्व बदलिँदा पनि नियति उही रहने खतरा कायमै छ।

# नेपालमा हिन्दी भाषाको सान्दर्भिकता



श्रीमन् नारायण

भाषा, संस्कृति, कला, साहित्य एवम् विज्ञान कुनै एउटा भूगोलभित्र सीमित मात्रै रहन सक्दैन । जुन देशमा जति धेरै भाषा बोलिन्छ, त्यो देश सांस्कृतिक रूपमा त्यत्ति नै धनी र समृद्ध मानिन्छ। नेपालमा हिन्दी र संस्कृत भाषाहरुलाई विदेशी भाषा मान्न सकिदैँन किनभने यसको उपयोग हाम्रो धर्म संस्कृति, संस्कार र सभ्यतामा पनि अभिन्न रुपमा हुँदै आएको छ । नेपालमा हिन्दी भाषाको औचित्य र सान्दर्भिकता आज पनि छ । नेपालमा नेपालीपछि सर्वाधिक बोलिने, बुझिने र व्यवहारमा आउने भाषा हिन्दी नै हो। हिन्दीलाई विदेशी भाषा भनेर यसको स्वीकार्यता, आवश्यकता, महŒव एवम् सान्दर्भिकतालाई औचित्यहीन सावित गर्न सकिदैँन।

नेपालमा राणा शासनकालमा खासगरिकन २००७ सम्म एउटा क्याम्पस र स्कूल मात्रै थियो र त्यसको परीक्षाको सञ्चालन पनि पटना विश्वविद्यालयमार्पmत् नै हुने गरेको थियो । स्वाभाविक रूपमा नै त्यतिबेला हिन्दी भाषा नेपालीहरूको निम्ति पनि अनिवार्य हुन गएको थियो । राणा शासकहरू पनि तराईवासीस“ग हिन्दी भाषामा नै कुराकानी गर्न रूचाउ“थे । त्यसपछिका दिनहरूमा देशका अनेकौं प्रधानमन्त्रीहरूले तराई–मधेशको क्षेत्रमा हिन्दी भाषाको प्रयोग गरेका छन्। हिन्दी भाषा नेपालीहरूको निम्ति पराई भाषा होइन यो हाम्रो निम्ति नेपालीपछि दोस्रो सम्पर्क भाषाको स्थान ग्रहण गर्ने अवस्थामा छ । प्रत्येक नेपाली दिनहु“ कुनै न कुनै रूपमा हिन्दी भाषाको प्रयोग गरिरहेका छन् । चाहे त्यो माध्यम भजन–कीर्तन, गीत–संगीत, समाचारपत्र, साहित्यिक पत्रिका, धर्मशास्त्र, गजल अथवा हिन्दी भाषाका समाचार, कार्टून, सिनेमा एवम् टिभी सिरियलहरू नै किन नहोस्।

विसं. २००८ सालदेखि देशमा शिक्षा संस्कृतिको क्षेत्रमा पनि जागरण आउन थाल्यो । रेडियो लगायतका सञ्चार माध्यममा हिन्दी भाषाको प्रयोग हुन थाल्यो । हिन्दी भाषामा अनेकौँ समाचारपत्र पनि प्रकाशित हुन थाले। साथै यसको विरूद्धमा षड्यन्त्र पनि हुन थाले । यस षड्यन्त्रको जन्मदाताको रूपमा एकजना अमेरिकी शिक्षा सल्लाहकार (डा. एचवी वूड)ले नेपाल सरकारलाई बुझाएको आप्m नो प्रतिवेदनमा प्रस्ट रूपमा लेखेका थिए–संस्कृत मातृभाषा हो जबकि हिन्दीलाई विदेशी भाषा बताएका थिए। त्यतिबेला यसको चारैतिर उग्रविरोध भएको थियो। तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले यस्तो अनावश्यक विवादलाई समाप्त पार्ने काम गरे।

एकपटक फेरि वि.सं. २०१० सालतिर हिन्दी भाषालाई विद्यालय र क्याम्पसको शिक्षाबाट हटाउने षड्यन्त्र भयो। सम्पूर्ण तराईमा यसको कडा विरोध पनि भयो र यसको प्रतिक्रिया महेन्द्रनारायण निधिको अध्यक्षतामा 'हिन्दी रक्षा समिति' पनि गठन भएको थियो । त्यस समितिले तराईवासीको अधिकारको रक्षाको सम्बन्धमा एउटा ज्ञापन पनि सरकारलाई बुझाएको थियो । जसमा विधिवतरूपमा एउटा प्रस्ताव पारित गरी हिन्दीलाई सम्पूर्ण तराईको प्रतिनिधि भाषा तथा तराई र पहाडबीचको सम्पर्क भाषाको रूपमा स्थान दिइएको थियो।

देशमा नया“ शिक्षा योजना लागू गरिएपछि प्राथमिकस्तरबाट नै हिन्दी भाषालाई हटाई नेपाली भाषालाई अनिवार्य माध्यम बनाउने काम भयो। जब तल्लो कक्षाबाट नै हिन्दी भाषालाई हटाउने काम भयो अनि स्वाभाविक रूपमा नै निम्न माध्यमिक, माध्यमिक तथा क्याम्पसमा हिन्दी भाषा पढ्नेको सङ्ख्या कम हुने नै भयो । विस्तारै–विस्तारै नेपालका क्याम्पसमा पनि हिन्दी भाषाको पढाई कम हु“दै गयो। हुन त त्रिभुवन विश्वविद्यालयमा अहिले पनि हिन्दी भाषाको पढाई हुने गर्दछ तर त्यसमा पढ्ने विद्यार्थीको उत्साह भने कमजोर हुन्छ । हिन्दी भाषा नेपालमा प्राथमिक कक्षादेखि लिएर क्याम्पससम्म प्रचलनमा थियो र नियमित रूपमा यसको पठनपाठनमा रोक नलगाइएको भए यो नेपालमा नेपालीपछिको दोस्रो राष्ट्रभाषाको स्थान पनि ग्रहण गरिसकेको हुने थियो। नेपालमा प्रायः सबैजसो ठूला साहित्यकार, कवि एवम् पूर्व प्रधानमन्त्री स्व. वीपी कोइराला र लोकेन्द्रबहादुर चन्दले पनि हिन्दी भाषामा उत्कृष्ट रचना गरेका छन्। हिन्दी भाषालाई विदेशी भाषाको रूपमा प्रचारप्रसार गर्ने तथा हिन्दीविरोधी जनमत बनाउने तथा भारतलाई विस्तारवादी भएको आरोप लगाउने हाम्रो देशका कथित राष्ट्रवादी भारतीय भूमिमा पाइला टेक्ने बित्तिकै आप्m नो राष्ट्रियतालाई बिर्सिदिन्छन् र अन्तर्राष्ट्रिय भाषा अंग्रेजीमा बोल्नुको सट्टा हिन्दी भाषामै बोल्न थाल्दछन् किनभने भारतीय सीमामा प्रवेश गर्ने बित्तिकै रिक्साचालक, बस कन्डक्टर, रेलवे प्लेटफार्म तथा रेलवेका कर्मचारी तथा रेलका सहयात्रीहरूस“ग हिन्दी भाषामै कुराकानी गर्ने गर्दछन् । देशभित्र जुन भाषालाई घृणा गर्दछ भारतमा गएर त्यही भाषालाई आत्मसात गर्दछन्। हिन्दी भाषा कमोवेश उर्दू भाषास“ग पनि मिल्दोजुल्दो छ। भारतमा पचास लाखभन्दा बढी नेपाली कुनै न कुनै रूपमा जागिर गरेर आप्mनो जीविकोपार्जन गरिरहेका छन् । त्यसैगरी अरब राष्ट्रहरूमा पनि लाखौँको सङ्ख्यामा गएका छन् । अरब राष्ट्रहरूमा पनि नेपालीहरूले हिन्दी भाषाको प्रयोग नै गरिरहेका हुन्छन् तसर्थ हिन्दी भाषाको मान्यताले नेपालीलाई भारतसहित अरब राष्ट्र मात्रै होइन विश्वका अधिकांश देशमा पनि बस्न र जागिर गर्न अपेक्षाकृत सहजता हुनेछ।

हिन्दी भाषालाई लिएर हाम्रो देशमा आडम्बर देखाउने काम पनि अलि बढी नै भएको छ । नेपालमा हिन्दी बोल्दा हीनताबोधको अनुभूति हुने तर भारतमा गएर हिन्दी बोल्दा आपूmलाई बहुभाषी विद्वान ठान्ने आडम्बरका कारण जनतासामु समस्यामा उत्पन्न हुने गरेको छ। विगत साढे दुई दशकदेखि नेपालको संसद्मा हिन्दी भाषा बोलिन्छ। रेडियो नेपालबाट दिनहु“ समाचार पनि प्रसारण हुने गर्दछ तसर्थ हिन्दी भाषा तराई–मधेश तथा पूर्वी एवम् पश्चिम पहाडको जनताको निम्ति मात्रै होइन पूरै देशको सम्पर्क भाषा बन्ने अवस्थामा छ। नेपाली भाषापछि हिन्दीको स्थान नेपालमा अवश्य पनि छ । राजकीय संरक्षण र सहयोगको अभावमा कुनै पनि भाषा एवम् संस्कृतिको विकासहुन सक्दैन। नेपालमा जब–जब नेपाली भाषाको समकक्ष हिन्दी भाषालाई दोस्रो सम्पर्क भाषाको रूपमा मान्यता दिलाउने प्रयास गरिन्छ अनि क्षेत्रीय भाषाका अभियन्तालाई उचाल्ने काम गरिन्छ । यसको परिणामस्वरूप क्षेत्रीय भाषाका केही सीमित अगुवा सरकारी बजेट हात पार्न सफल हुन्छन् तर यसबाट क्षेत्रीय भाषाको विकास भएको पाइँदैन । आजसम्म नेपालीबाहेक अर्को कुनै पनि भाषा एवम् साहित्यको उत्थान हुन नसक्नु यसको ठूलो उदाहरण हो। हिन्दी भाषाका प्रेमी, लेखक, विद्धान र साहित्यकारले पनि यसका निम्ति आफनो क्षेत्रबाट सक्दो भूमिका निर्वाह गर्नुपर्छ।

नेपालको संविधानको धारामा (६) राष्ट्रभाषाको शीर्षकमा नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् भन्ने लेखिएको छ जबकि धारा (७) मा सरकारी कामकाजको भाषा सम्बन्धमा (१) देवनागिरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ भन्ने उल्लेख छ । जबकि सोही धाराको उपधारा (२) मा नेपाली भाषाका अतिरिक्त प्रदेशले आप्mनो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्र भाषालाई प्रदेश कानून बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सकिनेछ भन्ने उल्लेख छ जबकि उपधारा (३) मा भाषा सम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ भन्ने उल्लेख छ। यसरी उपधारा (३) को प्रावधानले भोलिका दिनमा विभिन्न किसिमको समस्या सिर्जना गर्ने र अनततः एक भाषाकै नीति प्रदेशमा पनि लागू हुने निश्चित छ।

नेपालको संविधानको धारा (३) राष्ट्रको परिभाषामा नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त मानिएको छ । यस्तो अवस्थामा यहा“का सबै जातजाति एवम् भाषाभाषीले आप्m नो भाषा एवम् संस्कृतिको संरक्षण एकनाशले गर्न पाउनुपर्ने हो तर त्यस्तो हुन सकिरहेको छैन।

विश्वका अन्य कतिपय देशका भाषाहरूले भौगोलिक सीमालाई नाघी अन्य देशमा मान्यता प्राप्त गरेको अनेकौँ उदाहरण छन्। अंग्रेजी भाषा त विश्वकै भाषा बन्न गएको छ । हाम्रो राष्ट्रभाष नेपाली पनि भारतको संविधानमा मान्यता प्राप्त गरेको छ। अर्को देशको भाषालाई आत्मसात् गर्दा कुनै देशको सार्वभौमिकतार अखण्डतामाथि खतरा आएको उदाहरण आजसम्म हेर्नमा आएको छैन। अरबी भाषा, साउदी अरबको भाषा हो तर अल्जेरिया, इराक, कुबेत, लेबनान, सिरिया, मोरक्को, ओमान, कतार, सुडान, ट्युनेसिया, यमन र युएइ जस्ता दर्जनौँ राष्ट्रले यसलाई आप्mनो राष्ट्रभाषा बनाएका छन्। स्पेनिस, स्पेनको भाषा हो तर भेनेजुएला, पेरू, पाराग्वे, पनामा, निकारागुवा, मेक्सिको, क्यूबा, चिली, ग्वाटेमाला र ब्रजीलको भाषा पनि स्पेनिस नै हो। फ्रेन्च, फ्रान्सको भाषा हो तर बेल्जियम, आइभरी कोष्टको भाषा पनि फ्रेन्च नै हो। जर्मन, स्वीट्जरल्यान्डको प्रमुख भाषा हो। ग्रीक साइप्रसको भाषा हो जबकी ग्रीस देशको स्थापना नै भाषाकै नाममा भएको हो । पोर्चुगलको भाषा पोर्चुगिस हो तर यो अल्जेरिया, ब्रजिल र मोजाम्बिकको भाषा बन्न गएको छ। बंगाली भाषा बंगलादेशको राष्ट्रभाषा हो जबकि यसको राष्ट्रिय गीतकै रचनाकार भारतीय कवि हुन् । बंगाली भाषाका प्रायः सबै विद्वान एवम् कवि भारतीय नै हुन्। विसं २०१७ सालसम्म नेपालमा हिन्दीको उच्च स्थान थियो र यसको सान्दर्भिकता अहिले पनि छ । नेपालमा राणाविरोधी आन्दोलन होस्, पुँजीपति तथा जमिन्दार विरोधी किसान आन्दोलन होस् अथवा वि.सं. २०४६ सालको पञ्चायतविरोधी आन्दोलन होस् सबैमा हिन्दी भाषाका पर्चा, पोस्टर, नारा, कविता र साहित्यले ठूलो सहयोग गरेको छ । तसर्थ कवि, लेखक, विद्वान र साहित्यकारको आफ्नो भौगोलिक सीमा नभएजस्तै भाषाको पनि कुनै भौगोलिक सीमा हुँदैन। नेपालमा हिन्दी भाषाको महत्व र सान्दर्भिकता छ।

# स्थानीय विकास र वर्तमान समाज



महेशदत्त भट्ट

पछिल्लो समय हाम्रो सार्वजनिक बहसमा सबैभन्दा धेरै सुनिने बाक्य हो, 'देशमा विकास भएन, केही भएन।' चिया पसलदेखि संसद्सम्म, सामाजिक सञ्जालदेखि गाउँका चौतारासम्म यही टिप्पणीहरु सुन्न पाइन्छ। यो बाक्य आज व्यक्तिगत असन्तुष्टिभन्दा बढी समाजको सामूहिक मानसिकताको प्रतिनिधि बनेको छ। विकासलाई हामीले लामो समयदेखि सडक, भवनजस्ता भौतिक संरचना र बजेटको आकारमा मात्र मापन गर्दै आएका छौँ। जहाँ कालोपत्र छैन, त्यहाँ राज्य छैन भन्ने अनुभूति बन्यो। जहाँ ठूला संरचना देखिएनन्, त्यहाँ परिवर्तन भएको मानिँदैन। यही सीमित दृष्टिकोणले सामाजिक, शैक्षिक, स्वास्थ्य, सञ्चार, विद्युत्, बैंकिङ सेवा, ग्रामीण सडक, सामुदायिक वन लगायतका विभिन्न क्षेत्रमा भएका सुक्ष्म तर महत्वपूर्ण प्रगतिलाई ओझेलमा पार्दै लग्यो।

सङ्घीय लोकतान्त्रिक व्यवस्थापछि जनताका अपेक्षा स्वाभाविक रूपमा बढे। परिवर्तन छिटो र प्रत्यक्ष देखिनुपर्छ भन्ने चाहना गलत पनि होइन। अपेक्षा र यथार्थबीचको यही दूरीले निराशा जन्मायो र त्यो निराशा 'केही भएन' भन्ने नकारात्मक भाष्यका रूपमा व्यक्त हुन थाल्यो। विकासका कयौँ प्रयासहरू अधुरा र कमजोर पनि छन्। विद्यालय भवन बने तर शिक्षाको गुणस्तर उस्तै रह्यो। स्वास्थ्यचौकी स्थापना भयो तर सेवा प्रभावकारी भएन। बजेट खर्च भयो तर जनजीवनमा प्रत्यक्ष अनुभूति आएन। सबै कुरा शून्य छ भन्ने भाष्य पनि समाजका लागि उत्तिकै खतरनाक छ। यसले नागरिकलाई उदासिन बनाउँछ, सकारात्मक प्रयासलाई निरर्थक ठहर गर्छ र भविष्यप्रतिको आशा क्षीण बनाउँछ। निरन्तर नकारात्मक भाष्यले लोकतान्त्रिक पद्दति र सहभागिता कमजोर पार्नुका साथै सामाजिक असन्तोषलाई अझ गहिरो बनाउन सक्छ। 'देशमा विकास भएन, केही भएन' भन्ने बाक्य गुनासोको रूपमा उपयोगी हुनसक्छ तर स्थायी भाष्यका रूपमा होइन। यसलाई सुधारका लागि दबाब, जिम्मेवारीको माग र सकारात्मक परिवर्तनको आधार बनाइयो भने मात्र यो बाक्य समाज रूपान्तरणतर्फ उन्मुख हुनसक्छ। समाजमा अझै पनि तमाम गरिबी छ, समाजमा रोग छ, भोक छ, शोक छ, आर्थिक अभाव छ, बेरोजगारी छ। समाज गरिबीले पिल्सिएको छ। राज्यको सेवा प्रवाहमा तमाम त्रुटि र ढिलासुस्ती रहिआएको कुरा स्वीकार गर्नुपर्छ तर समाजका केही पनि भएको छैन ? यो कुरा पूर्णरुपमा सत्य होइन। यही नकारात्मकताले भएका सकारात्मक प्रयास पनि गिजोलिएका छन्। पछिल्ला दशकमा केही अवस्य भएको छ। केही नभएको पनि छ। गिलास आधा रित्तो छ भन्नुभन्दा पनि आधा भरिएको छ भन्ने कोणबाट शुरु ग¥यो भने नकारात्मकतालाई छोडेर सकारात्मकतातर्फ जान सकिन्छ। केही त अवस्य भएको छ भन्ने कुरा केही उदाहरणबाट शुरु गरौँ। २०५४ सालमा बैतडीको दक्षिणी गाउँ विशालपुरदेखि सडक जोडिएको स्थान देहिमाडौँसम्म पूरै दिन लाग्थ्यो। अहिले अढाइ घण्टामा छोटिएको यो दुरी छिचोल्न त्यो बेला दुई दिने पैदलयात्रा गर्नुपथ्र्यो। २०५८ सालमा देशले सङ्कटकालको सामना गरिरहेको थियो। देश अन्तरद्वन्द्वको दलदलमा फसेको बेला सिङ्गो समाज असुरक्षित थियो। राज्यका सबै सेवा सुविधाहरु सदरमुकाम केन्द्रित थिए। हुलाक सेवा अवरुद्ध थियो। दूरसञ्चार सेवामा करिब पाँच प्रतिशत मानिसको मात्र पहुँच थियो। सहरका विद्यालय बन्द, हड्तालले आक्रान्त थिए। विद्युतीकरणको अभावमा बस्तीहरु अन्धकार थिए। प्राविधिक शिक्षालयहरुको स्थापना हुनसकेको थिएन।

उच्च शिक्षा हासिल गर्न जिल्ला बाहिर जानुपर्ने स्थिति थियो। जिल्ला सदरमुकाममा मात्र सीमित इन्टरनेट मुस्किलले ५६ केविपिएसको गतिमा चल्थ्यो। समान्य बिरामी हुँदा पनि भारतको पिथौरागडमा जानुपर्ने स्थिति थियो। सदरमुकामको मूल सडक नै धुलाम्मे र हिलाम्मे थियो। ग्रामीण सडकको शुरुआत भएकै थिएन। बैंकिङ सेवा लिन सदरमुकामको एकमात्र राष्ट्रिय वाणिज्य बैंक थियो, जहाँ लामो लाइन लाग्नुपथ्र्यो। सामाजिक अन्याय र उत्पीडनका घट्नामा पहुँच नभएका नागरिकले सहेर बस्नुपर्ने स्थिति थियो। बालबालिकाले दुई घण्टाको लामो बाटो हिँडेर स्कुल जानुपथ्र्यो। समयमा पाठ्यपुस्तक विद्यालयमा पुग्न सक्दैनथे। गर्भवतीको ज्यान बचाउन अस्पतालसम्म पुग्न स्टे«चर अभाव थियो। एम्बुलेन्सको अनुहारै देख्न नसकिने अवस्था थियो। अहिलेको अवस्थामा लोककथा झैं लाग्ने यो कुरा धेरै पुरानो होइन, करिब दुई दशकअघि अनुभव गरेको यथार्थ हो।

### विकासमा फड्को मार्दै बैतडी

आजमाथि उल्लेखित धेरैजसो समस्याको समाधान भएको छ तर पूर्ण भएको छैन। आम नागरिकको जनजीवनमा प्रत्यक्ष प्रभाव पार्ने र उनीहरुको दैनिकी सजिलो पार्ने धेरै काम भएका छन् ? चर्चा गरौँ। दुई दशक अघि ट्र्याक मात्र खोल्न शुरु भएको बैतडीको दक्षिणी क्षेत्र तल्लो स्वराड जोड्ने सडक आधा कालोपत्र भइसकेको छ। पाटनबाट पञ्चेश्वर जोड्ने ६४ किलोमिटर पाटन–पञ्चेश्वर सडकको ४५ किलोमिटर खण्ड कालोपत्र भइसकेको छ। उत्तर–पूर्वी क्षेत्र पुरचौडी श्रीभावर–हाट कालोपत्र सडकको पहुँचमा पुग्दैछ । देहिमाण्डौं–गिरेगडा सडक, सतबाँज–श्रीभावर सडक, महाकाली करिडोर, सिल्लेगडा–पुर्चौडी सडक, खोचेलेक–रिम, गोकुलेश्वर–डिलाशैनी–पुर्चौडी, सलेना–देहिमाण्डौं सडक सञ्चालनमा आएका छन् । सेरा–झुलाघाट, पोखरा–ढुङ्गाड–गर्जे, दुदिलाखान–गाँजरी–कुर्चेनेटा, दुदिलाखान–गाँजरी–धौलाडी–ठूलोकाठा, सुल्लेखान–शर्माली–नागार्जुन, खाल–देहिमाण्डौं–शर्माली सडक, सेरा–नगराँ–धामीगाउँ–मठैराजलगायत अन्य थुप्रै वडादेखि पालिका जोड्ने ग्रामीण सडकमा ट्र्याक खुलेर अधिकांशमा सवारी चल्न थालेका छन्।

केही वर्ष अघिसम्म विज्ञान विषय अध्ययन गर्न कि त धनगढी र महेन्द्रगर झर्नुपर्ने कि छिमेकी देशको पिथौरागढ सहर जानुपर्ने बाध्यता थियो। आज नेपाल सरकारले विज्ञान विषय प्रवद्र्धन कार्यक्रमअन्तर्गत जिल्लाका दुई वटा विद्यालयमा आवासीय सुविधा र प्रोत्साहनका लागि नगदसमेत दिने कार्यक्रम सञ्चालन गरेको छ। कयौँ ठाउँमा घरमै बसेर उच्च शिक्षा अध्ययन सम्भव भएको छ। स्नातक तह अध्ययनका लागि सुदूरपश्चिम विश्वविद्यालयका जगन्नाथ बहुमुखी क्याम्पस, मणिलेक बहुमुखी क्याम्पस र पाटन बहुमुखी क्याम्पस आङ्गिक क्याम्पसहरुका रुपमा सञ्चालनमा छन्। त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी आठ क्याम्पस सञ्चालनमा रहेका छन्। जगन्नाथ बहुमुखी क्याम्पस र श्रीकोट बहुमुखी क्याम्पसमा स्नातकोत्तर तहको पढाइ हुन्छ। विभिन्न विद्यालयमा प्राविधिक शिक्षाका कक्षा सञ्चालनमा रहेका छन्, जसले प्राविधिक, व्यावसायिक शैक्षिक जनशक्ति उत्पादन भइरहेको छ। सार्वजनिक सेवा विकेन्द्रकरणका गर्ने लक्ष्यका साथ सरकारले पुर्चौंडी नगरपालिकामा इलाका प्रशासन सञ्चालनमा ल्याएको छ। मेलौलीमा इलाका प्रशासन स्थापना हुने क्रममा छ।

यसैगरी विद्युत् र सञ्चार क्षेत्रमा पनि ठूलो फड्को मारिएको छ। दुई दशकअघिसम्म सदरमुकाममा आएर मात्र बिजुली देख्न पाइने अवस्थगा थियो। त्यो बेला सदरमुकाम, पाटन र केही लघुजलविद्युत्मार्फत जिल्लाको नगन्य क्षेत्रमा बत्ती बलेको थियो। २०४२ सालमा सीमानाका झुलाघाटबाट छ सय किलोवाट विद्युत् सदरमुकाम क्षेत्रका लागि विस्तार शुरु गरिएको हो। २०५५–५६ सालमा नेपाल विद्युत् प्राधिकरणको ३३ केभि प्रसारण लाइन विस्तार कार्य प्रारम्भ भयो। अहिले २६ हजार ९०८ घरघुरीमा बत्ती बलेसँगै जिल्लाको करिब ८० प्रतिशत विद्युतीकरण भइसकेको छ र बाँकी कार्य निर्माणक्रममा छ। दुई दशक अघि ५६ केबिपिएसमा चल्ने इन्टरनेट अहिले एक सय एमबिपिएसको गतिमा चल्ने भएको छ । मानिसका हातहातमा मोबाइल, इन्टरनेट सुविधा पुगेको छ, । जिल्लाको करिब ९० प्रतिशत भूभाग दूरसञ्चार सेवाको पहुँच आएको छ। जिल्लाभरि विद्युतीकरणसँगै यो सेवामा गुणस्तर थपिने अपेक्षा गर्न सकिन्छ।

विसं २०६० सम्म थोरै घरहरुमा मात्रै शौचालयको प्रयोग हुन्थ्यो। प्रायः मानिस खुल्ला ठाउँमा दिसा गर्थे। यसका कारण झाडापाखाला, हैजा, टाइफाइड, जण्डिस, दूषित पानी र खानाबाट महामारी फैलिएर वार्षिक रुपमा कयौँ बालबालिकाको मृत्यु हुन्थ्यो । गर्भवतीको स्वास्थ्य जोखिममा थियो। बाल मृत्युदर उच्च थियो। सामान्य उपचार गर्न पनि छिमेकी देश भारतको पिथौरागढ र तराईका जिल्ला दर्गुनुपर्ने बाध्यता पनि कम हुँदै गएको छ। पालिकास्तरमा अस्पताल, वार्डस्तरमा स्वास्थ्य संस्था र बर्थिङ सेन्टर स्थापना भएका छन्। गर्भवतीका लागि स्टे«चरको अभाव हुने ठाउँमा अहिले एम्बुलेन्स सेवा उपलब्ध छ। यस्तै बैंकिङ कारोबारका लागि जिल्ला धाउनुपर्ने बाध्यता हटेको छ। सबै पालिकामा बैंक स्थापना भएका छन्। गाउँ–गाउँमा सहकारी संस्था खुलेका छन्। कयौँ नागरिकमा वित्तीय साक्षरता बढेको छ। विभिन्न लघुवित्तले जिल्लाभरी सेवा विस्तार गरिरहेका छन्।

### उज्यालो दिनको प्रतीक्षामा

यस जिल्लामा केही यस्ता आयोजना छन् जसले समग्र राष्ट्रको आर्थिक सम्बृद्धिमा टेवा पु¥याउँदै देशको मुहार नै परिवर्तन हुनसक्छ। देशको मुहार फेर्न सक्ने आयोजनाका रुपमा पञ्चेश्वर बहुउद्देशीय आयोजनालाई लिन सकिन्छ। २०५२ सालमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री पिभिनरसिंह रावले हस्ताक्षर गरेको एकीकृत महाकाली सन्धिमा छ हजार चार सय ८० मेगावाट क्षमताको पञ्चेश्वर बहुउद्देशीय आयोजना बनाउने बुँदा उल्लेख थियो। विद्युत्, पर्यटन, मत्स्यपालन आदिबाट वार्षिक करिब रु ५५–६० अर्ब आम्दानी हुने देखाएको यो नेपालका लागि गौरवको आयोजना हो। तीन दशक वितिसक्दा पनि आयोजना अलपत्र अवस्थामा छ।

त्यस्तै नमूना सहर पाटन, झुलाघाटमा मोटर पुल, दोगडाकेदारमा आइएमइ ग्रुपले सञ्चालन गर्ने भनिएको सिमेन्ट उद्योग, सरकारले विस्तृत अध्ययन गरिसकेको फस्फोराइट उत्खनन, पुरचौडी, सिगास लगायतका फलामखानी, युरेनियम, खरी, जटीबुटी उत्पादन आदि कार्यले यस क्षेत्रको मात्र नभइ समग्र देशकै विकासमा योगदान पुग्ने देखिन्छ। देशभरिमा १० वटा नमूना सहर निर्माण गर्ने लक्ष्यअनुसार महाकाली अञ्चलको पुरानो अञ्चल मुकाम पाटनलाई नमूना सहरको रूपमा विकास गर्ने कुराले बैतडीवासीमा खुसीको सञ्चार भएको थियो । पहाडी जिल्लाबाट बढ्दो बसासराइँलाई रोक्न पहाडमै सुविधा सम्पन्न सहर बनाउने कुरा पहाडी क्षेत्रको समावेशी विकास, पहिचान र सम्भावनासँग जोडिएको विषय हो। नमूना सहरको विकाससँगै व्यापार, पर्यटन, होटल, यातायात र साना उद्योग फस्टाउने सम्भावना बढ्थ्यो। यसले पहाडमा बस्ने स्थानीय युवालाई रोजगारी सिर्जना गरी विदेश पलायन घटाउन मद्दत गर्न सक्थ्यो।

पाटन नमूना सहर बनेपछि बैतडी मात्र होइन, दार्चुला, डडेल्धुरालगायत आसपासका जिल्लाका लागि पनि आर्थिक र प्रशासनिक केन्द्रको रूपमा विकसित हुनसक्थ्यो । तर, नमूना सहर बनाउने कार्य लक्ष्य अनुसार अघि बढ्न सकेको छैन । मध्यपहाडी लोकमार्गको पश्चिमी बिन्दु झुलाघाट हो। नेपाल–भारत सीमा नदी महाकालीमाथि बन्ने भनिएको मोटरेबल पुल चुनाव आएसँगै चर्चाको विषय बन्ने गर्छ। एक हजार सात सय ७६ किमि लामो मध्यपहाडी लोकमार्गलाई भारतको उत्तराखण्ड राज्यहुँदै दिल्लीसम्म जोड्ने पुल झुलाघाट पुल नै हो। सीमावर्ती व्यापार सहज भई स्थानीय अर्थतन्त्र चलायमान हुनेछ।

यस विषयमा लामो समयदेखि ज्ञापनपत्र, अनसन, आन्दोलनजस्ता विभिन्न सङ्घर्षका कार्यक्रमसमेत भए पनि कुनै प्रगति भएको छैन। बैतडीको समग्र आर्थिक सम्बृद्धिका लागि पुरचौडी र सिगासको फलामखानी उत्खनन गर्न सकिएमा देशलाई फलाममा आत्मनिर्भर गर्न सकिने सम्भावना छ । दोगडाकेदारमा सिमेन्ट उद्योग स्थापना र फस्फोराइट उत्खनन गर्ने महत्वपूर्ण योजना पनि शुरु हुन सकेका छैन। समग्रमा भन्नुपर्दा देशमा केही भएको छैन भाष्य सही छैन्। केही त जरुर भएको छ तर जति हुनुपर्ने हो त्यति भएको छैन । आउँदा दिनहरुमा भएको विकासलाई सदुपयोग गर्दै नागरिकलाई सकारात्मक बाटोमा हिँडाउनुपर्छ। सुशासन र सहज सेवा प्रवाह गर्दै देशमा शान्ति अमनचयन, विकास र समृद्धिको बाटोमा हिँड्नु छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# संवादको ढोका खुला छः कार्की

**काठमाडौँ।**
नेपाली कांग्रेसका नेता ज्ञानेन्द्रबहादुर कार्कीले पार्टीलाई एकढिक्का राख्न लचकताका साथ संवादको ढोका खुला रहेको बताएका छन्।
सभापति शेरबहादुर देउवाको निवास महाराजगञ्जमा सोमबार भएको पदाधिकारी, पूर्वपदाधिकारी र केन्द्रीय सदस्यसहितको छलफलपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै उनले पार्टी एकढिक्का राख्न संवाद जारी रहेको बताए।
छलफलमा पार्टीलाई एकजुट बनाएर देशलाई अहिलेको सङ्कटबाट मुक्त गरेर जनताको चाहनाअनुसार पार्टी अगाडि बढ्नुपर्नेमा सबैको जोड रहेको नेता कार्कीको भनाइ थियो।
यसैगरी पार्टी केन्द्रीय सदस्य नैनसिंह महरले हदैसम्म लचक भएर पार्टी विभाजनलाई रोक्न र पार्टी एकता कायम राख्ने विषयमा छलफल भएको जानकारी दिए । त्यसका लागि विशेष महाधिवेशन पक्षधर नेताहरुसँग संवाद भइरहेको उनले बताए। रासस

# राष्ट्रियसभा अधिवेशन आह्वान गर्न सिफारिस

**काठमाडौँ ।**
सरकारले राष्ट्रियसभाको अधिवशेन आह्वानका लागि राष्ट्रिपति समक्ष सिफारिस गरेको छ। सिंहदरबारमा सोमबार बसेको मन्त्रिपरिषद् बैठकले सङ्घीय संसद्अन्तर्गतको राष्ट्रियसभाको अधिवेशन आगामी माघ ४ गते आइतबार बिहान ११ बजेका लागि आह्वान गर्न सिफारिस गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए।
बैठकले सन् २०२५ मार्चको भूकम्पबाट क्षतिग्रस्त म्यानमारको महामुनी फैया बौद्ध पगौडाको अभिलेखालय र गङ्गाघाट मन्दिरको पुनःनिर्माणका लागि अमेरिकी डलर तीन लाख ५० हजार उपलब्ध गराउने निर्णय गरेको छ।
मन्त्रपरिषद्ले अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र ९इसिमोड० को सदस्य राष्ट्रको हैसियतले नेपालले बुझाउनुपर्ने सन् २०२४ को वार्षिक योगदान अमेरिकी डलर दुई लाख ८३ हजार ५०३ प्रदान गर्न स्वीकृति दिएको छ।
मन्त्रिपरिषद्ले वित्तीय क्षेत्र रणनीति ९२०८२/८३-२०८६/८७० र मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति २०८२ स्वीकृत गरेको छ । बैठकले गोरखापत्र संस्थानको अध्यक्षमा गोविन्दप्रसाद भण्डारी भक्तपुरलाई तोक्ने निर्णय गरेको मन्त्री खरेलले जानकारी दिए । रासस

# पार्टीमा एकतासहित अघि बढ्न आग्रह

**काठमाडौँ।**
नेपाली कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले पार्टीमा एकताका साथ अगाडि बढ्न सबैलाई आग्रह गरेका छन्।
कांग्रेस विशेष महाधिवेशन पक्षधरहरूको आह्वानमा भृकुटीमण्डमा विशेष महाधिवेशनको बन्दसत्र चलिरहेको परिस्थितिमा उनले विज्ञप्ति जारी गर्दै पार्टी एकतामा प्रतिकूल असर पर्ने कुनै पनि गतिविधि नगर्नसमेत आग्रह गरे।
कार्यवाहक सभापति खड्काले मुलुकको विषम् परिस्थितिप्रति गम्भीर हुँदै पार्टीभित्र उत्पन्न असहज अवस्थालाई समाप्त पार्न जरुरी रहेको उल्लेख गरेका छन्। अहिले मुलुक गम्भीर अवस्थामा छ। देशको सर्वोच्च जननिर्वाचित संस्था प्रतिनिधिसभा विघटन भएको छ । अन्योल र अनिश्चितताको वर्तमान अवस्थामा देश र लोकतन्त्रका बारेमा सर्वत्र चासो र चिन्ता व्याप्त छ । आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन तोकिएको छ विज्ञप्तिमा भनिएको छ । उक्त निर्वाचनमार्फत संविधानलाई लिकमा ल्याई लोकतान्त्रिक तथा संवैधानिक व्यवस्थालाई पुनः सञ्चालन गर्नुपर्ने उनले बताए । यस अवस्थामा नेपाली कांग्रेस एकताबद्ध, सङ्गठित र सुदृढ हुन अपरिहार्य रहेको बताउँदै उनले कांग्रेसमा अहिले असहज र अन्योलको स्थिति उत्पन्न भएकाले सबैले आपसी समन्वय सहित एकता कायम गर्नुपर्ने आवश्यकता औँल्याए।
कांग्रेसले देशमा विषम् परिस्थिति उत्पन्न भएका विभिन्न कालखण्डमा परिस्थितिको सही मूल्याङ्कन गरी आफ्नो नेतृत्वमा उचित निकास दिएको इतिहास रहेको कार्यवाहक सभापति खड्काले विज्ञप्तिमा उल्लेख गरेका छन् । कांग्रेस राष्ट्रियता र लोकतन्त्रको धरोहरका रूपमा स्थापित भएकाले हाम्रो काँधमा फेरी एकपटक ऐतिहासिक जिम्मेवारी आएको छ । प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गएपछि विसं २०८३ वैशाखमा हुने १५ औँ महाधिवेशनबाट पार्टीको नीतिमा आवश्यक परिमार्जन गरी नेतृत्व सहज रूपले परिवर्तन गर्न सक्ने अवस्था सुनिश्चित छ।
तसर्थ, अहिले प्रतिनिधिसभा निर्वाचनमा सम्पूर्ण पार्टीपङ्क्ति एकताबद्ध भई अभियानका रूपमा लाग्न आवश्यक छ उनले विज्ञप्तिमा उल्लेख गरेका हुन् । रासस

# युवापुस्ताले विश्वास गर्नसक्ने पार्टी बनाउनुपर्छ : महामन्त्री

**काठमाडौँ ।**
नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पार्टीलाई नवीनपुस्ताले विश्वास र भरोसा गर्नसक्ने गतिशील र आधुनिक लोकतान्त्रिक शक्ति बनाउने सङ्कल्पसहितको समसामयिक राजनीतिक प्रस्ताव पेस गरेका छन् । पार्टीका महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्माको अगुवाइमा आइतबारदेखि राजधानीमा जारी दोस्रो दिनको विशेष महाविधेशनको बन्दसत्रमा सोमबार प्रस्तुत सो प्रस्तावमा थापाले विशेष केन्द्रीय महाधिवेशनबाट सुनौलो भविष्यतिर उन्मुख, स्पष्ट मार्गदर्शन, व्यवस्थापनमा अब्बल पार्टी निर्माण गर्ने उल्लेख गरे ।
कांग्रेसलाई २००६ सालको जस्तो क्रान्ति चेत, २०१५ सालको जस्तो प्रगतिशील र समावेशी सोच, २०४८ सालको जस्तो लोकप्रिय मत, २०६२/६३ को जस्तो सर्वस्वीकार्य नेतृत्व भएको पार्टी बनाउनेछौँ महामन्त्री थापाद्वारा प्रस्तुत प्रस्तावमा भनिएको छ । महामन्त्री थापाले पार्टीको नेतृत्वमा ऐतिहासिक संविधासभामार्फत बनेको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको मर्मलाई गम्भीरतापूर्वक आत्मसात गर्दै संविधानको समयानुकूल उदार र प्रगतिशील परिवर्तन आजको आवश्यकता भएको बताए ।
उनले संविधानको गतिशील कार्यान्वयनबाट मुलुकको राजनीतिलाई सही बाटोमा ल्याउनु र समुन्ततितर्फ डोहोर्याउनु आजको मुख्य राष्ट्रिय जिम्मेवारी भएको उल्लेख गरे । ‘आज देशको राजनीतिक गतिप्रति जनतालाई आशा र विश्वासको उत्साहजनक सन्देश प्रवाह गर्दै समुन्नत नेपाल निर्माणको अग्रणी शक्ति बनाउने घडी आएको छ’, प्रस्तावमा थापाले भनेका छन्, ‘यही ऐतिहासिक राष्ट्रिय दायित्वको सङ्कल्पसहित यो विशेष परिस्थितिमा विशेष महाविधशेन आयोजना गरिएको हो’ ।राजनीतिक प्रस्तावमा महामन्त्री थापाले जेनजी प्रदर्शनपछिको




अवस्थामा विशेष महाधिवशेनको आवश्यकता, विशेष महाधिवेशनको वैधानिक प्रावधान, नेपाली कांग्रेसको ऐतिहासिक परम्परा, आजको परिदृश्य र नेपाली कांग्रेसलगायत समसामयिक राजनीतिक प्रस्ताव र विशेष महाविधेशनको नीतिगत सङ्कल्प समेटेका थिए । महामन्त्री थापाले देश र पार्टीका लागि असाधारण परिस्थितिमा हुन गइरहेको विशेष महाधिवेशनले पार्टीलाई राजनीतिक शक्तिका रूपमा मात्र सीमित नभई लोकतन्त्रप्रति पूर्ण निष्ठावान, समाजप्रति प्रतिबद्ध, जनताप्रति उत्तरदायी र स्थापनाकालीन जनमुखी आदर्शमा कृतसङ्कल्पित समुन्नत नेपालको नेतृत्वदायी र विश्वासयोग्य शक्तिका रूपमा पुनः स्थापित गर्ने बताए ।
राजनीतिक प्रस्तावमा पार्टीभित्र र बाहिरका आमकांग्रेसजनमा देखिएको उदासिनताको बादललाई हटाउँदै नवीन ऊर्जा, उत्साह, एकता र रुपान्तरणसहित समुन्नत नेपाल निर्माणको अभियानमा एकजुट भएर अघि बढ्न १७ बुँदे विशेष सङ्कल्प समेटिएको छ । प्रस्तावमा भ्रष्टाचार नियन्त्रण, वित्तीय अनुशासन र सुशासनका लागि प्रभावकारी कानुन निर्माण र कानुनको कार्यान्वयन, संस्था र निकायहरूको कार्यक्षमता अभिवृद्धि, कार्यविधि सरलीकरण र सुदृढीकरण गर्दै समग्र प्रशासनिक प्रणालीलाई पारदर्शी, चुस्त र जनउत्तरदायी बनाउने सङ्कल्प गरिएको छ । प्रस्तावमा भनिएको छ, ‘निषेधको राजनीति नगर्न, संयमता अपनाउन तथा संवादमार्फत निकास खोज्न सम्बन्धित सबै पक्षलाई आह्वान गर्दै भयरहित निर्वाचनको पक्षमा आफ्नो दृढता प्रकट गर्दछ ।’
विगतको कमजोरी र त्रुटीबाट पाठ सिकेर आगामी दिनमा राष्ट्रिय हित एवं लोकतान्त्रिक मूल्य मान्यताप्रति अविचलित रहने प्रतिबद्धता व्यक्त गर्दै प्रस्तावमा जनभावनाअनुसार निष्ठा र सेवाको राजनीतिमा समर्पित रहने दृढ सङ्कल्प गरिएको छ ।
योग्यता, क्षमतामार्फत नयाँ ऊर्जा र प्राण भर्दै ‘निरन्तरतामा नवीनता’को मान्यताअनुरुप कांग्रेसलाई आजको समयको चेतअनुसारको अब्बल, गतिशील र आधुनिक सङ्गठन बनाउने सङ्कल्प गरिएको छ । पार्टीका सिद्धान्त, विचार र नीतिलाई जनताको भावनाअनुसार अद्यावधिक, परिमार्जन, व्याख्या तथा पुनःव्याख्या गरी सैद्धान्तिक–वैचारिक रुपान्तरण गर्न आवश्यक भएको प्रस्तावमा उल्लेख छ ।
विसं २०८० फागुनमा गोदावारीमा सम्पन्न महासमिति बैठकबाट पारित ‘निर्वाचन अगाडिको गठबन्धन’सम्बन्धी नीतिको स्मरण गर्दै प्रस्तावमा भविष्यमा हुने आवधिक निर्वाचनमा निर्वाचनपूर्व गठबन्धन (प्रि–इलेक्सन एलाइन्स) नगरिने प्रतिबद्धता जनाइएको छ ।
‘हामी आफ्नै जनता र पार्टीको शक्तिको आधारमा एक्लै लड्नेछौँ, आफ्ना मतदातालाई चुनाव चिह्न ‘रुख’ मा मात्रै मत हाल्न पाउने अवस्था सुनिश्चित गर्नेछौँ’, प्रस्तावमा भनिएको छ । प्रस्तावमा भ्रष्टाचारको आरोप लागेका नेता र सदस्यलाई आरोप लागेको मितिदेखि पदबाट स्वतः निलम्बन, कुनै पनि खालको भागबण्डामा भाग नलिने, राज्यका संस्थालाई दलीयकरणबाट मुक्त गर्ने, संसद्लाई केबल सरकार बनाउने सङ्ख्याको रूपमा मात्र नभइ नीति निर्माता र निगरानीकर्ताका रूपमा सबल, प्रभावकारी र सशक्त बनाइने सङ्कल्प लिइएको छ ।
निर्वाचन खर्चलाई पारदर्शी बनाउन प्राप्त मतभारका आधारमा राजनीतिक दललाई राज्य कोषमार्फत अनुदान उपलब्ध गराउने, दलहरूको आर्थिक गतिविधिमा कठोर वित्तीय अनुशासन कायम गर्ने व्यवस्था लागू गरिने, ‘नो भोट’को कानुनी सुश्चितता र विदेशमा रहेका नेपालीको मतदानको अधिकारलाई सुनिश्चित गरिनेछ ।
महामन्त्री थापाको प्रस्तावमा देशको प्रमुख कार्यकारी (प्रधानमन्त्री)को दुई कार्यकाल मात्रै हुने, राज्य संयन्त्रको गैरदलीयकरण र संस्थागत सुधार, प्रियतावादको चुनौती सामना गर्दै उदार लोकतन्त्रको रक्षा, राष्ट्रहित तथा राष्ट्रिय स्वार्थलाई सर्वोच्च प्राथमिकता दिइनेलगायत सङ्कल्प गरिएको छ ।

## निर्वाचन प्रक्रिया मङ्गलबार

**नेपाली कांग्रेसको विशेष महाधिवेशन पक्षधरद्वारा आयोजित महाधिवेशनको बन्दसत्र मङ्गलबारसम्मका लागि लम्बिएको छ । मङ्गलबार बिहान ९ बजेदेखि बन्दसत्र पुनः सुरु हुने र निर्वाचन प्रक्रिया अगाडि बढाइने विशेष महाधिवेशन प्रचारप्रसार समितिका संयोजक सुवास पोखरेलले पत्रकार सम्मेलन मार्फत जानकारी दिए।**
**कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले प्रस्तुत गरेको प्रतिवेदनमाथि बन्दसत्रमा छलफल जारी रहेको र नीतिगत निर्णयपछि निर्वाचन प्रक्रिया अगाडि बढाइने उनले बताए। दुई प्रतिवेदनमाथि समूहगत छलफल जारी रहेकाले मङ्गलबार प्रत्येक समूहले निष्कर्ष सुनाउने कार्यक्रम छ। पहिले नेता छानेर नीति बनाउँथ्यौँ, हाल नीति बनाएर नेता छान्छौँ।**
**सोहीअनुसार प्रक्रिया अगाडि बढेको छ संयोजक पोखरेलले बताए।**
**उनले महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशनका लागि नाम दर्ता गर्ने सङ्ख्या बढेको र हालसम्म ६३ प्रतिशत पुगेको जानकारी दिए। रासस**

# नसर्ने रोगको रोकथाम सरकारको प्राथमिकतामा : स्वास्थ्यमन्त्री

**काठमाडौँ।**
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा सुधा गौतमले नसर्ने रोगको रोकथामलाई सरकारले प्राथमिकतामा राखेर काम गरिरहेको बताएकी छिन् । नसर्ने रोग र मानसिक स्वास्थ्यसम्बन्धी विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को दक्षिण–पूर्व एसिया क्षेत्रको क्षेत्रीय सम्मेलनलाई सम्बोधन गर्दै उनले नसर्ने रोगको उपचार लागत बढ्दो अवस्थमा रहेकाले सरकारमाथि ठूलो आर्थिक भार पारिरहेको समेत बताइन् । ‘सरकारले नसर्ने रोगको उपचारमा धेरै रकम खर्च गरिरहेको छ, त्यसमा धेरैजसो रकम रोकथामको सट्टा उपचारमै खर्च भइरहेको अवस्था छ’ मन्त्री डा गौतमले बताइन्। साथै क्यान्सर र मुटु रोगजस्ता रोगहरूको उपचारमा वार्षिक अर्बौं रुपैयाँ खर्च गरिन्छ अब उपचारभन्दा पनि रोकथामलाई प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको बताइन्। उनले नसर्ने रोगको रोकथामलाई सुदृढ गर्न दीर्घकालीन लागतलाई उल्लेखनीय रूपमा घटाउन र जनस्वास्थ्य परिणाम सुधार गर्न सकिने बताइन्।



सहरी क्षेत्रमा तुलनात्मक रूपमा छिटो उपचार सेवाहरू उपलब्ध भएपनि ग्रामीण र गरिब जनसङ्ख्याले उपचार सेवा नपाइरहेको उनको भनाइ थियो । काठमाडौँ महानगरपालिकाकी उपप्रमुख सुनिता डङ्गोलले मानसिक स्वास्थ्य समस्या नदेखिने महामारीका रूपमा देखापरेको बताइन् । उनले जनचेतना, स्वस्थ जीवनशैली, खाद्य सुरक्षा, योग र ध्यानजस्ता रोकथामका उपायहरूलाई प्राथमिकतामा राखेर महानगरले स्वास्थ्य सेवा पुर्यारहेको बताइन्। डब्लुएचओको दक्षिणपूर्वी एसिया क्षेत्रको नसर्ने रोग एलान्सका कार्यक्रम संयोजक डा मनिता प्याकुरेलले नसर्ने रोगको रोकथामका लागि सरकारले बलियो संयन्त्र बनाउनुपर्नेमा जोड दिइन् । नसर्ने रोग ‘एनसिडी’ एलायन्स जेनेभाका प्रतिनिधि लिन्डा सेंक मार्कोभाले नसर्ने रोगको रोकथाम गर्न राजनीतिक स्वार्थभन्दा माथि उठेर काम गर्नुपर्ने बताए। कार्यक्रममा भारत श्रीलङ्का, बङ्गलादेश, माल्दिभ्स, इन्डिोनेसिया, थाइल्याण्ड, म्यान्मार, मलेसिया जेनेभालगायत ११ देशमा नसर्ने रोगसँग सम्बन्धित काम गर्ने जनस्वास्थ्यविद्को सहभागी रहेको छ। नेपालमा ७१ प्रतिशत नसर्ने रोगका बिरामी रहेको अनुमान गरिएको छ। रासस

# आचारसंहिता कार्यान्वयनमा शून्य सहनशीलता : का.वा. आयुक्त

**काठमाडौँ।**
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन आयोगले सजायमुखी निर्वाचन आचारसंहिता जारी गरेकाले कार्यान्वयनमा शून्य सहनशीलता अपनाइने बताएका छन् । मुख्य निर्वाचन अधिकृत एवं निर्वाचन अधिकृतका लागि सोमबारदेखि सुरु भएको निर्वाचन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी दुई दिने अभिमुखीकरण कार्यक्रम उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले आचारसंहितालाई कडाइका साथ पालना गराउनुपर्नेमा जोड दिए।
राजनीतिक दलका उम्मेद्वारले अरुले निर्वाचन आचारसंहिता उल्लङ्घन गरे भन्दै दोष देखाएर आफूले नै बढी आचारसंहिता पालना नगर्ने गरेकाले यसतर्फ मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको ध्यान जानुपर्ने बताए । आयोगका आयुक्तको संयोजकत्वमा रहेको केन्द्रीय आचारसंहिता अनुगमन समितिले कडा रुपमा आचारसंहिता पालना गराउने सुनाए । २०७९ सालभन्दा पहिले जस्तो आचारसंहिता उल्लङ्घनलाई छुट दिने खालको नभएको कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताए। निर्वाचन आयोगका काँधमा निर्विकल्प रुपमा निर्वाचन गर्नुपर्ने दायित्व आएकाले मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरुको पनि सामूहिक दायित्व भएको पनि उनले सुनाए।
निर्वाचन विथोल्ने व्यक्तिलाई छुट दिन नहुने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीको भनाइ छ। निर्वाचन पर्यवेक्षकले अनेक गतिविधि गर्लान्, त्यसको अनदेखा गर्ने छुट पनि हामीलाई छैन, विगतमा पर्यवेक्षण गर्नेले उम्मेद्वारका पक्षमा गतिविधि गर्न थालेपछि कारबाही गरेर पर्यवेक्षण अनुमति खारेज गरी देश निकाला गरिएको थियो, यसैले पर्यवेक्षकको पनि अनुगमन गर्नुहोला, निर्वाचन कानुन र आचारसंहिता विपरीतका काम गरे कारबाही गर्नुहोला, त्यसको जानकारी आयोगमा पनि पठाउनुहोला”–कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताए।
कानुनको व्याख्या गलत ढङ्गले गर्ने, निर्वाचनको प्रक्रिया गलत गर्ने र कानुन उल्लङ्घन गर्नेलाई छुट दिनु नहुने उनले बताए। न्यायकर्मीले यसमा न्याय गर्नुहुन्छ भनेर नै मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत नियुक्त गरिएको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले जानकारी गराए । परेका उजुरीलाई मुख्य निर्वाचन अधिकृतले समयमै किनारा लगाउनुपर्नेमा पनि उनले जोड दिए।
भङ्ग भएको अनुशासनलाई लयमा ल्याएर शान्ति स्थापनाका लागि निर्वाचन गर्नुपर्ने भएकाले त्यो दायित्व सबैले पूरा गर्नुपर्नेमा उनले मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको ध्यानाकर्षण गराए । निर्वाचन आउने विषय पेचिला हुने गरेकाले त्यसलाई हेरेर मूल्याङ्कन गरेर काम गर्नुपर्ने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले बताए। सफल रुपमा निर्वाचन गर्ने विषयलाई निष्ठा बनाउन पनि उनले मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको ध्यानाकर्षण गराए।
अहिले माघ ११ गते हुने राष्ट्रियसभा सदस्यको निर्वाचनको काम, प्रतिनिधिसभा समानुपातिकतर्फको बन्द सूचीबाट निर्वाचित हुने ११० र प्रत्यक्ष निर्वाचित १६५ सदस्यको काम पनि एक साथ भइरहेको आयोगले जनाएको छ। माघ २० गते समानुपातिक निर्वाचन प्रणालीको बन्द सूची अन्तिम गरी नाम प्रकाशन गरिने जनाइएको छ । आयोगका प्रवक्ता एवं सहसचिव नारायणप्रसाद भट्टराईले दुई दिने अभिमुखीकरण कार्यक्रममा चार समूह बनाएर छलफल गरिने जानकारी गराए । कार्यक्रममा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत गरी करिब १२० जनाको सहभागिता रहेको छ।
आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईले स्वच्छ, निष्पक्ष र स्वतन्त्र एवं विश्वसनीय रुपमा निर्वाचन गराउन अभिमुखीकरण कार्यक्रमले सहयोग पुग्ने बताए । निर्वाचनलाई थप व्यवस्थित, मर्यादित बनाउन सहयोग गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको उनले सुनाए । कार्यक्रमले मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरुमा समान बुझाइ हासिल हुने विश्वास गरिएको छ। रासस

# खेलकुदको हब बन्दै जैढुङ्गा बिपी पार्क



**गुल्मी।**
रेसुङ्गा नगरपालिकाको फोर्टिन स्टार युवा क्लबले प्रत्येक वर्ष सदरमुकाम तम्घासको चिदिचौर खेलमैदानमा जिल्लास्तरीय छात्र फुटबल प्रतियोगिता सञ्चालन गर्थ्यो । उक्त खेलमैदानमा विभिन्न जिल्लास्तरीय खेलकुदका प्रतियोगिता हुने गर्दथे । यसपटक भने तम्घासको चिदिचौर खेलमैदान निर्माणाधीन छ । त्यसले गर्दा कुनै पनि खेलकुदका कार्यक्रम सञ्चालन भएका छैनन् । यस वर्ष गर्ने कि नगर्ने भन्ने थियो।
गुल्मीको इस्मा गाउँपालिकाले वडा नम्बर १ झरनामा पालिकाले जैढुङ्गा बिपी पार्कसँगै अन्तरराष्ट्रिय मापदण्डको क्रिकेट रङ्गशाला निर्माण ग¥यो। त्यसले गर्दा जिल्लामा हुने विभिन्न प्रतियोगिता अहिले उक्त रङ्गशालामा हुने गरेका छन्। सदरमुकाम तम्घासबाट जम्मा १४ किलोमिटर टाढा रहेको खेलमैदानमा जिल्लादेखि स्थानीयस्तरका सबै खेलकुदका कार्यक्रम सञ्चालन भइरहेका छन् । खेलमैदानको अभावमा यस वर्ष खेलकुद प्रतियोगिता सञ्चालन गर्ने कि नगर्ने भन्ने थियो क्लबका अध्यक्ष नारायण आचार्यले बताए । इस्मामा आकर्षक खेलमैदान बनेको रहेछ, पालिकाले सहयोग गर्ने भए पनि जैढुङ्गा बिपी पार्कमा प्रतियोगिताको आयोजना गर्यौं।
उनले क्रिकेट मैदानलाई फुटबल मैदानका रुपमा प्रयोग गरी प्रतियोगिता सञ्चालन गरेको बताए । ग्रासरुटका खेलाडी उत्पादन गर्न खेलमैदानले सहयोग गरेको उनको भनाइ छ । सदरमुकामको खेलमैदान निर्माणाधीन हुँदा यस वर्ष जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड, जिल्लास्तरीय छात्रा फुटबल प्रतियोगितालगायत सदरमुकाम बाहिर सञ्चालन गरिएको थियो।
पार्कमा दिनहुँजसो खेलकुदका कार्यक्रम सञ्चालन हुन थालेपछि इस्मा गाउँपालिका खेलकुदमय बन्न थालेको छ। पछिल्लो एक महिनामै पार्कमा पाँच विभिन्न खेलकुदका प्रतियोगिता सम्पन्न भएका छन् । सबैभन्दा पहिले इस्माकै परिवर्तन युवा क्लबले गत मङ्सिर २० देखि २५ गतेसम्म क्रिकेट प्रतियोगिताको आयोजना गरेको थियो।
कूल १० टोली सहभागी प्रतियोगिताको उपाधि रुपन्देहीको देवहदको युवा क्लब हात पारेको थियो। दोस्रो खेल गुल्मीको राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान र पत्रकार महासङ्घबीच मैत्रीपूर्ण भएको थियो। तेस्रो खेलका रुपमा फोर्टिन स्टार युवा क्लबले पुस ८ देखि १० गतेसम्म जिल्लाका माध्यमिक विद्यालयस्तरीय फुटबल प्रतियोगिता गरेको थियो।
त्यसैगरी चौथो खेल पुस १५ गते विद्युत् कर्मचारी र पत्रकारबीच मैत्रीपूर्ण क्रिकेट प्रतियोगिता तथा पाँचौँ खेलको रुपमा पुस २४ देखि २६ गतेसम्म इस्माको राष्ट्रपति रनिङ शिल्ड सम्पन्न भयो । अब छैठौँ खेलका रुपमा तम्घासको खुकुरी युवा क्लबले आगामी माघ ६ देखि १० गतेसम्म विद्यालयस्तरीय क्रिकेट प्रतियोगिताको आयोजना गरेको वडाध्यक्ष शेरबहादुर कुँवरले जानकारी दिए।
कुँवरले पछिल्लो समय पार्कमा घुमफिर, पिकनिक एवं खेलकुदका धेरै कार्यक्रम सञ्चालन हुँदा स्थानीयस्तरमा आर्थिक चलायमान बढेको बताए । स्थानीय उत्पादन बिक्री हुनुका साथै चटपटे, होटल व्यवसाय, फलफुल व्यवसाय लगायतका व्यवसाय बढ्ने र घडेरीको मूल्य वृद्धि भएको वडाध्यक्ष कुँवरको भनाइ छ।
पछिल्लो समय युवामा क्रिकेटप्रतिको मोह बढ्दै गएपछि इस्मा गाउँपालिकाले वडा नम्बर १ मा बिपी पार्कको नाममा क्रिकेट रङ्गशालाको निर्माण गरेको थियो । सार्वजनिक जग्गा सदुपयोग गरेर बनाइएको उक्त खेलमैदानमा पार्क र वनभोज स्थलसमेत बनाइएको छ । मदन भण्डारी राजमार्गको छेउमा पर्ने जैढुङ्गा बिपी पार्कको काम २०७९ सालबाट सुरु भएको थियो । पहिलो वर्ष २०७९ मा रु पाँच लाख, २०८०/८१ मा रु एक करोड र २०८१/८२ मा रु एक करोड २३ लाख लागतमा खेलमैदानसहितको संरचना तयार भएको गाउँपालिका उपाध्यक्ष एवं प्रवक्ता पार्वती कुँवरले बताइन्।
उनले पार्कमा माटो बिछ्याउने, खोलाको किनारमा पर्खाल लगाउने, ग्याभिन जाली, तारजाली घेराबार, बगैँचा निर्माण, पिकनिकका लागि संरचना तयार, फलफूलका बिरुवा रोपण, पिउने पानी, पार्किङ, शौचालयलगायत संरचना तयार गरेको बताइन् । खेलकुदको नयाँ घरका रुपमा खेलमैदान निर्माण गरेका छौँ उपाध्यक्ष कुँवरले भनिन्, भविष्यमा समग्र जिल्लाको खेल पर्यटनलाई वृद्धि गर्ने लक्ष्य लिएका छौँ।
उनले जेन्जी आन्दोलनका कारण सङ्घीय सरकारको रु तीन करोड बजेट रोकिए पनि आगामी वर्षहरुमा खेलमैदानलाई थप आकर्षक र स्तरोन्नति गर्ने योजना रहेको बताइन् । खेलमैदान निर्माणपछि स्थानीय खेलाडीलाई खेलप्रति मोह बढेको कुँवरले बताए। रासस

# ५३ जना एआरएसए विद्रोही पक्राउ



**बङ्गलादेश।**
अराकान रोहिंग्या साल्भेशन आर्मी ९एआरएसए० लडाकु समूहका ५३ जना सदस्यलाई आफ्नो क्षेत्रमा प्रवेश गरेको आरोपमा पक्राउ गरे पछि बङ्गलादेशले म्यानमा सीमामा उच्च सतर्कता जारी गरेको ढाकाका अधिकारीहरूले सोमबार बताएका छन् । दश लाख भन्दा बढी रोहिंग्या शरणार्थी रहेको बङ्गलादेशको कोक्स बजारमा बन्दुकको गोली लाग्दा १२ वर्षीया बालिकासहित दुई जना घाइते भएको जनाइएको छ।
अतिक्रमण गर्ने ५३ जनालाई हिरासतमा लिएको अर्ध सैनिक बोर्डर गार्ड बङ्गलादेश ९बिजिबी० का कर्नल मोइनुद्दिन अहमदले पुष्टि गरेका छन् । स्थानीय प्रत्यक्षदर्शीहरूले आर्सा लडाकुहरूलाई बङ्गलादेशी इलाकामा प्रवेश गरेपछि हिरासतमा लिइएको बताएका छन् । एआरएसए म्यानमार मुस्लिम अल्पसङ्ख्यकको उत्पीडन विरुद्ध विद्रोह गर्न गठन गरिएको समुह हो जुन प्रतिद्वन्द्वी अराकान आर्मीसँग लडिरहेको छ । म्यानमारको राखाइन राज्यको सीमापार लडाइँ जारी रहेको बङ्गलादेशका सैन्य अधिकारीहरूले बताएका छन्।
बङ्गलादेशका गाउँले तथा अर्धसैनिक अधिकारीहरूका अनुसार म्यानमारका करिब एक दर्जन सीमावर्ती गाउँहरू भारी गोलीबारी, र बमबारीका कारण प्रभावित भएका छन्, भने बङ्गलादेश भरि बाक्लो धुवाँले भरिएको छ। अहिले तिनतर्फी द्वन्द्व भइरहेको छः जहाँ एआरएसएले अराकान सेनासँग लडिरहेको छ, भने सैन्य जुन्टाले हवाई आक्रमण गरिरहेको छ अर्धसैनिक बलका एक वरिष्ठ अधिकारीलाई उदृत गर्दै एएफपीले जनाएको छ।
ढाकाले अवस्था र सम्भावित सीमा सुरक्षाका लागि सीमा नजिकका गाउँहरूमा आफ्ना सहयोगी जेन्सीहरू तैनाथ गरेको बताएको छ। रासस

# एआई पहलमा भारतलाई अमेरिकी निम्तो




**नयाँ दिल्ली।**
आर्टिफिसियल इन्टेलिजेन्स (एआई) आपूर्ति श्रृङ्खलालाई सुरक्षित गर्ने उद्देश्यले अमेरिकाको नेतृत्वमा सुरु गरिएको नयाँ अन्तर्राष्ट्रिय पहलमा सहभागी हुन भारतलाई आगामी महिना औपचारिक रूपमा आमन्त्रण गरिने नयाँदिल्लीका लागि नवनियुक्त अमेरिकी राजदूत सर्जियो गोरले बताएका छन्।
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत अगस्टमा भारतले रुसी तेल खरिद जारी राखेको आरोप लगाउँदै अधिकांश भारतीय आयातमा ५० प्रतिशत कर लगाएपछि दुई देशबीचको सम्बन्धमा केही चिसोपन आएको थियो । यद्यपि, दुवै पक्षले लामो समयदेखि रोकिएको व्यापार सम्झौतामा वार्ता अघि बढाइरहेका छन् । अमेरिकी दूतावासमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै राजदूत गोरले संयुक्त राज्य अमेरिकाले गत महिना सुरु गरेको 'प्याक्स सिलिका' पहलको पूर्ण सदस्य बन्न भारतलाई आग्रह गरिने जानकारी दिए।
अमेरिकाको नेतृत्वमा अघि बढाइएको यस प्रयासमा जापान, दक्षिण कोरिया, सिङ्गापुर र अस्ट्रेलियाजस्ता प्रमुख एसिया–प्यासिफिक साझेदारहरूसँगै इजरायल पनि सहभागी छन् । यस पहलको मुख्य उद्देश्य एआई आपूर्ति श्रृङ्खलामा चीनको बढ्दो प्रभुत्वलाई सन्तुलनमा ल्याउनु हो। 'शान्ति' र 'सिलिकन' का लागि प्रयोग हुने ल्याटिन शब्दबाट नामकरण गरिएको 'प्याक्स सिलिका' गठबन्धनले चीनमा निर्भर नरहने गरी अत्यावश्यक प्रविधि र कम्पोनेन्टहरूको सुरक्षित आपूर्ति श्रृङ्खला निर्माण गर्ने लक्ष्य राखेको छ।
'विश्वले द्रुत गतिमा नयाँ प्रविधि अँगाल्दै गएको सन्दर्भमा यो पहलको सुरुदेखि नै भारत र संयुक्त राज्य अमेरिकाले मिलेर काम गर्नु अत्यावश्यक छ', गोरले आफ्नो कार्यभार सम्हाल्नुअघि भनेका थिए।
भारतलाई अमेरिकाका लागि 'कुनै पनि साझेदारभन्दा कम महत्वपूर्ण नभएको' मुलुकका रूपमा वर्णन गर्दै उनले द्विपक्षीय सम्बन्धलाई 'अर्को स्तरमा' पुर्याउने स्पष्ट जनादेश लिएर आफू आएको उल्लेख गरे । उनका अनुसार यो सम्बन्ध 'विश्वको सबैभन्दा पुरानो लोकतन्त्र र विश्वको सबैभन्दा ठूलो लोकतन्त्र' बीचको साझेदारी हो । राजदूत गोरले राष्ट्रपति ट्रम्प र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीचको व्यक्तिगत सम्बन्धले पनि द्विपक्षीय सहकार्यलाई बल दिएको उल्लेख गरे।
संयुक्त राज्य अमेरिका र भारत साझा हितले मात्र होइन, उच्च स्तरको आपसी सम्बन्धले पनि जोडिएका छन् । वास्तविक मित्रहरूबीच असहमति हुन सक्छ, तर अन्ततः आफ्ना मतभेद समाधान गर्न सक्छन् उनले बताए। उनले चलिरहेको व्यापार वार्ताप्रति आशावाद व्यक्त गर्दै दुवै देश सम्झौतामा पुग्न दृढ रहेको बताए। रासस

# गोलभेँडाको आयात ९३२ प्रतिशतले बढ्यो

**झापा।**
पूर्वीनाका काँकडभिट्टास्थित मेची भन्सार कार्यालयबाट चालु आर्थिक वर्ष २०८२र८३ को पाँच महिनामा गोलभेँडाको आयात ९३२ प्रतिशतले बढेको छ। गत साउनदेखि मङ्सिरसम्ममा रु छ करोड ८४ लाख ७४ हजार बराबरको गोलभेँडा भारतबाट आयात भएको हो । कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंका अनुसार उक्त अवधिमा भारतबाट २६ लाख ७६ हजार ५२० किलो गोलभेँडा आयात भएको छ भने गोलभेँडा आयातबाट भन्सारले रु ८२ लाख ७३ हजार राजस्व सङ्कलन गरेको जानकारी दिए।
आव २०८१र८२ को सोही अवधिमा पूर्वीनाकाबाट रु ३७ लाख ३० हजार मूल्य बराबरको एक लाख ३८ हजार ६५० किलो गोलभेँडा आयात भएको सूचना अधिकारी हुमागाईंले बताए । उनका अनुसार गत आवको तुलनामा चालु आवमा भान्सामा प्रयोग हुने तरकारीजन्य गोलभेँडाको आयात ९३२ प्रतिशतले बढेको हो । नेपालमा आयात हुने अधिकांश गोलभेँडा भारतबाट आउने उनले बताए। चालु आवको पाँच महिनामा समग्र तरकारीको आयात वृद्धि भएको सूचना अधिकारी हुमागाईंले उल्लेख गरे।
उनका अनुसार चालु अवमा सोही नाकाबाट रु एक अर्ब १८ करोड तीन लाख ५६ हजार मूल्य बराबरको तरकारी आयात भएको छ । गत आवको सोही अवधिमा रु एक अर्ब ११ करोड ३६ लाख २३ हजार मूल्य बराबरको तरकारी आयात भएको भन्सार कार्यालयले जनाएको छ । रासस

# पाकिस्तान-अफगानिस्तान सीमा बन्द

**इस्लामावाद।**
करीव तीन महिना भन्दा बढी समय देखि पाकिस्तान र अफगानिस्तानबीचको व्यापार कोरिडोरको नाकाबन्दीले राष्ट्रिय तथा क्षेत्रीय स्तरमा अरबौं रुपैयाँको आर्थिक क्षति पुर्याएको व्यापारिक प्रतिनिधिहरूलाई उदृत गर्दै डन समाचारले रिपोर्ट गरेको छ । उनीहरुका अनुसार सीमापार व्यापारको अवरोधले निर्यात, आपसी वाणिज्य, यातायात लगायत राज्यको राजस्वमा नराम्रो असर पारेको छ । जसले देशको समग्र अर्थतन्त्रमा विशेष गरी खैबर पख्तुनख्वालाई गम्भीर धक्का दिएको छ, जहाँ व्यापारीहरू अफगानिस्तानसँगको वाणिज्यमा धेरै निर्भर थिए।
पाकिस्तान–अफगानिस्तान जोइन्ट चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजका वरिष्ठ उपाध्यक्ष जियाउल हक सरहदी र सरहद चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजका सदस्य मञ्जुर इलाहीले संयुक्त प्रेस विज्ञप्ति मार्फत यस्तो टिप्पणी गरेको जनाइएको छ। अफगानिस्तानमा पाकिस्तानको निर्यातको ९० प्रतिशत भन्दा बढी खैबर पख्तुनख्वाका नाकाहरु मुख्यतया तोरखाम सिमा हुँदै हुने उनीहरूले बताएका छन्।
व्यापारीहरुका अनुसार प्रान्तले सिमेन्ट, कपडा, औषधि, निर्माण सामग्री र कृषि उत्पादन जस्ता सामान रोकिए पछि २।५ अर्बको निर्यात घाटा बेहोरेको अनुमान गरिएको छ । यस बाहेक, खैबर पख्तुनख्वाले व्यापार गतिविधिमा कमी र भन्सार आयमा कमीका कारण चालू आर्थिक वर्षको पहिलो पाँच महिनामा करिब २।५ अर्ब राजस्व गुमाएको छ।
प्रान्तका निर्यातकहरूले हरेक दिन ४० लाख अमेरिकी डलर भन्दा बढीको नोक्सान भोगिरहेको उल्लेख गर्दै अरबौं रुपैयाँ मूल्यका सामानहरू फसेको र औषधि लगायतका सामाग्रीको समयावधि सकिएपछि अपूरणीय आर्थिक क्षति हुने सम्भावना रहेको डनले जनाएको छ । व्यापक आर्थिक प्रभावहरू औंल्याउँदै, व्यापारीहरूले निरन्तर सीमा बन्द हुँदा कारखाना बन्द र रोजगारी गुमाउने चेतावनी दिए।
उनीहरूले खैबर पख्तुनख्वाको औद्योगिक क्षेत्रको ९० प्रतिशतसम्म आयात र निर्यातका लागि अफगान बजारमा निर्भर रहेको उल्लेख गर्दै जारी अवरोधले बेरोजगारी र बढ्दो आर्थिक कठिनाइको बीचमा क्षेत्रीय अस्थिरता बढाउने बताएका छन् । उनीहरूले अफगानिस्तानले इरान र मध्य एसियाली राज्यहरूमा व्यापार घुमाउँदै जाँदा खैबर पख्तुनख्वामा आधारित व्यापारीहरूका लागि बजारमा स्थायी नोक्सान निम्त्याउँदै गर्दा दीर्घकालीन प्रभावहरू कडा हुन सक्ने चेतावनी दिए।
हालैको एक प्रतिवेदनलाई उद्धृत गर्दै उनीहरूले पाकिस्तान–अफगानिस्तान द्विपक्षीय व्यापार ५३ प्रतिशतले घटेर चालु आर्थिक वर्ष ९२०२५–२६० को पहिलो अर्ध–वार्षिकमा ५९ करोड ४० लाख डलरमा झरेको जनाएका छन् जुन अघिल्लो वर्षको समान अवधिमा १।२६ अर्ब डलर थियो। डनको रिपोर्टका अनुसार बन्दले यस क्षेत्रका व्यवसाय, राजस्व, रोजगारी र स्थिरतामा हानिकारक प्रभाव पारेको छ। रासस

# ग्रिनल्यान्डलाई नियन्त्रणमा लिने अमेरिकाको दाबी



**अमेरिका।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राज्य अमेरिकाले ग्रिनल्यान्डलाई 'कुनै न कुनै तरिकाले' आफ्नो नियन्त्रणमा लिने दाबी गरेका छन्। आइतबार एयर फोर्स वनमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले यदि वासिङ्टनले कदम नचाले रुस वा चीनले उक्त टापु 'कब्जा' गर्ने चेतावनी दिए।
राष्ट्रपति ट्रम्पका अनुसार आर्कटिक क्षेत्रमा रुस र चीनको सैन्य गतिविधि बढिरहेका बेला खनिज स्रोतले भरिपूर्ण डेनमार्कको स्वशासित क्षेत्र ग्रिनल्यान्डमाथि नियन्त्रण अमेरिकी राष्ट्रिय सुरक्षाका लागि अत्यन्तै महत्वपूर्ण छ । 'यदि हामीले ग्रिनल्यान्ड लिएनौँ भने, रुस वा चीनले लिनेछन् र म त्यसो हुन दिन्नँ', उनले भने। यद्यपि, कुनै पनि देशले औपचारिक रूपमा उक्त विशाल टापुमा दाबी गरेको छैन।
उनले डेनमार्कको स्वशासित क्षेत्रसँग सम्झौता गर्न आफू खुला रहेको बताउँदै 'तर कुनै न कुनै तरिकाले ग्रिनल्यान्ड हामीसँग हुनेछ' भन्ने अभिव्यक्ति दिए । ट्रम्पको यस भनाइप्रति डेनमार्क र अन्य युरोपेली सहयोगीहरूले गहिरो चिन्ता व्यक्त गरेका छन् । ग्रिनल्यान्ड उत्तर अमेरिका र आर्कटिकबीच रणनीतिक रूपमा महत्त्वपूर्ण स्थानमा रहेको छ र दोस्रो विश्वयुद्धदेखि नै त्यहाँ अमेरिकी सैन्य आधार अवस्थित छ।
सन् १९५३ सम्म डेनमार्कको उपनिवेश रहेको ग्रिनल्यान्डले पछि स्वशासन पाएको थियो र पछिल्ला वर्षहरूमा डेनमार्कसँगको सम्बन्धलाई क्रमशः खुकुलो बनाउनेबारे बहस चलिरहेको छ । तर टापुका अधिकांश बासिन्दा र राजनीतिक दलहरूले आफूहरू अमेरिकी नियन्त्रणमा जान नचाहेको स्पष्ट गर्दै आफ्नै भविष्य आफैँले तय गर्ने अधिकारमा जोड दिँदै आएका छन् । राष्ट्रपति ट्रम्पले भने यस दृष्टिकोणलाई पटक–पटक चुनौती दिँदै आएका छन्।
ग्रिनल्यान्डले सम्झौता गर्नुपर्छ किनभने ग्रिनल्यान्डले रुस वा चीनलाई आफ्नो नियन्त्रणमा लिएको देख्न चाहँदैन भन्दै उनले आफ्नो भनाइलाई ठट्टामिश्रित शैलीमा बचाउ गरे । ग्रिनल्यान्डको सुरक्षालाई व्यङ्ग्य गर्दै उनले 'त्यहाँको रक्षा के हो भने दुईवटा कुकुर स्लेज मात्र हुन्' भने । उनले रुस र चीनसँग 'सबैतिर विध्वंसक हतियार र पनडुब्बीहरू छन्' भन्ने दाबी गरे।
यसअघि डेनमार्कका प्रधानमन्त्रीले ग्रिनल्यान्डमाथि बल प्रयोग गरेर नियन्त्रण गर्ने कुनै पनि अमेरिकी प्रयासले आठ दशकदेखि कायम रहेको ट्रान्सएटलान्टिक सुरक्षा सम्बन्धलाई गम्भीर रूपमा क्षति पुर्याउने चेतावनी दिएका थिए । त्यसप्रति प्रतिक्रिया दिँदै राष्ट्रपति ट्रम्पले 'यदि यसले नाटोलाई असर गर्छ भने, असर गर्छ' भन्दै टिप्पणीलाई हल्का रूपमा लिने प्रयास गरे' उनले भने तर तपाईंलाई थाहा छ ग्रिनल्यान्ड हामीलाई उनीहरूलाई चाहिनेभन्दा धेरै आवश्यक छ । रासस

# नेपालमा एक वर्षमा प्रेस स्वतन्त्रता हननका १२१ घटना




**काठमाडौँ ।**
नेपालमा एक वर्षमा प्रेस स्वतन्त्रता हननका १२१ घटना घटेको पाइएको छ । प्रेस काउन्सिल नेपालले सोमबार एक प्रेस विज्ञप्ति जारी गर्दै काउन्सिलमा दर्ता भएका निवेदन र नियमित अनुगमनका आधारमा प्रेस स्वतन्त्रता हननसम्बन्धी घटनाहरूको अभिलेखन गर्ने क्रममा सन् २)२५ जनवरी १ देखि सन् २)२५ डिसेम्बर ३१ सम्ममा उक्त सङ्ख्यामा प्रेस स्वतन्त्रता हननका घटना घटेको जनाएको हो । सबैभन्दा बढी धम्की दुव्र्यवहार का ५) घटना अभिलेख भएका छन् । यसैगरी आक्रमण कुटपिटका ३७, पेसागत असुरक्षाका १५, कब्जा र अवरोधका नौ, पक्राउ प्रयासका पाँच, शङ्कास्पद मृत्युका दुई, नीतिगत बन्देजका दुई र लैङ्गिक हिंसाका एक घटना अभिलेख भएका छन् । प्रदेशअनुसार अनुगमन गर्दा सबैभन्दा बढी बागमती प्रदेशमा ६२, मधेस प्रदेशमा २७, सदरपश्चिममा आठ, कोशीमा सात, लुम्बिनी र गण्डकीमा ६र६ र कर्णालीमा पाँच घटना घटेका छन् ।

लैङ्गिक आधारमा एक वर्षभरिमा १() पुरुष र १) महिला गरी २)) जना पत्रकाररसञ्चारमाध्यमलाई प्रेस स्वतन्त्रता प्रयोग गर्न अवरोध गरिएको देखिएको काउन्सिलले जनाएको छ । यस अवधिमा प्रेस स्वतन्त्रता दुरूपयोगका १) वटा घटना घटेका छन् । यसमा बागमती प्रदेशमा पाँच, मधेस प्रदेशमा चार र कर्णालीमा एक घटना घटेको विज्ञप्तिमा उल्लेख छ । रासस

# स्वास्थ्य बिमा कार्यक्रम बन्द

**काठमाडौँ ।**
महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय (त्रिवि) शिक्षण अस्पतालले स्वास्थ्य बिमा कार्यक्रममार्फत उपचार सेवा बन्द गरेको छ । त्रिविले आगामी माघ १ गतेदेखि लागू हुनेगरी स्वास्थ्य बिमा कार्यक्रममार्फत दिइँदै आइएको उपचार सेवा बन्द गरेको हो ।

विसं २)७७ देखि नियमित रूपमा सञ्चालन गर्दै आएको स्वास्थ्य बिमा कार्यक्रममार्फत गरिने उपचार सेवा माघ १ गतेदेखि लागू हुनेगरी बन्द गरिएको अस्पतालका सूचना अधिकारी कालीप्रसाद रोस्याराले जानकारी दिए । उनले स्वास्थ्य बिमा बोर्डले स्वास्थ्य बिमा कार्यक्रममार्फत बिरामीको उपचार गरेबापतको भुक्तानी उपलब्ध नगराएपछि सेवा सञ्चालन गर्न नसकिएको बताए ।

आन्तरिक स्रोतबाट अस्पतालले सबै किसिमका दैनिक खर्च व्यहोर्नुपर्ने हुँदा मासिक रु दुई करोड नोक्सान हुने भएपछि स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गर्न नसकिएको सूचना अधिकारी रोस्याराको भनाइ छ । स्वास्थ्य बिमाबाट उपचारमा आउने बिरामी सङ्ख्या तथा चाप दिनहुँ वृद्धि हुँदै गएको छ ।

यसबाट मासिक रु पाँच करोड हाराहारीको खर्च हुनेमा बिमा बोर्डबाट ५) प्रतिशत मात्र दाबी स्वीकृति गरी बाँकी अस्वीकृत गर्दै आएको छ ।

हालसम्म अस्पतालको बिमा दाबी रकम करिब रु ४) करोड भुक्तानी बाँकी छ अस्पताल प्रशासनद्वारा जारी सूचनामा उल्लेख गरिएको छ । अस्पतालमा आउने बिरामीको उपचार क्रममा बिमा बोर्डको र अस्पतालको दररेट शुल्क फरक भएको बताउँदै सूचना अधिकारी रोस्याराले अस्पताल प्रशासनले बारम्बार ‘अस्पतालको रकमलाई अन्तिम मानिदिनु भनी दुई वर्षदेखि गरेको आग्रहको कुनै सुनवाइ नभएको उल्लेख गरे ।

यसैबीच, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा सुधा गौतमले नसर्ने रोगको रोकथामलाई प्राथमिकता दिनुपर्नेमा जोड दिइन् । नसर्ने रोग र मानसिक स्वास्थ्यसम्बन्धी विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को दक्षिणपूर्वी एसिया क्षेत्रको क्षेत्रीय सम्मेलनलाई सम्बोधन गर्दै स्वास्थ्यमन्त्री गौतमले अस्वस्थ जीवनशैली, खानपिनलगायत कारणले पछिल्लो समय नसर्ने रोगीको सङ्ख्या बढ्दै गएकाले यसको उपचार लागतले सरकारमाथि ठूलो आर्थिक भार पारिरहेको बताइन् ।

सरकारको खर्चको सबैभन्दा ठूलो हिस्सा नसर्ने रोगको उपचारमा खर्च गर्दै आएको देखिन्छ । धेरैजसो खर्च रोकथामको सट्टा उपचारमा निर्देशित छ, उनले भनिन्, ‘नसर्ने रोगको उपचारभन्दा पनि रोकथामलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ । क्यान्सर र मुटु जस्ता रोगको उपचारमा वार्षिक अर्बौं रुपैयाँ खर्च गरिन्छ । जबकी रोकथाम कार्यक्रम कमजोर रूपमा सञ्चालन भएका छन् ।

मन्त्री डा गौतमले नसर्ने रोग रोकथाम गर्न जीनवशैली र खानपिनमा जोड दिनुपर्ने बताउँदै यसबाट दीर्घकालीन लागतलाई उल्लेखनीय रूपमा घटाउन र जनस्वास्थ्य परिणाम सुधार गर्न सकिने धारणा राखिन् । उनले सहरी क्षेत्रमा तुलनात्मक रूपमा छिटो उपचार सेवा उपलब्ध भए पनि ग्रामीण र गरिब नागरिक उपचारबाट बञ्चित भइरहेको बताइन् ।

नेपालमा ७१ प्रतिशत नसर्ने रोगका बिरामी रहेका अनुमान गरिएको छ । काठमाडौँ महानगरपालिकाकी उपप्रमुख सुनिता डङ्गोलले मानसिक स्वास्थ्य नदेखिने महामारीका रूपमा देखापरेको बताइन् । उनीले जनचेतना, स्वस्थ जीवनशैली, खाद्य सुरक्षा, योग र ध्यान जस्ता रोकथामका उपायलाई प्राथमिकतामा राखेर महानगरले स्वास्थ्य सेवा पु¥याइरहेको जानकारी दिइन् ।

डब्लुएचओको दक्षिणपूर्वी एसिया क्षेत्रको नसर्ने रोग एलान्सका कार्यक्रम संयोजक डा मनिता प्याकुरेलले नसर्ने रोग रोकथाम गरी नागरिकलाई स्वास्थ्यसुरक्षा प्रदान गर्न सरकारले प्रभावकारी संयन्त्र बनाएर कार्यान्वयन गर्नुपर्नेमा जोड दिइन् ।

नसर्ने रोग (एनसिडी) एलायन्स जेनेभाका प्रतिनिधि लिन्डा सेंक मार्कोभाले नसर्ने रोगको प्रभावकारी रोकथाम गर्न सचेतना आवश्यक पर्ने धारणा राखे । कार्यक्रममा भारत, श्रीलङ्का, बङ्गलादेश, माल्दिभ्स, इन्डोनेसिया, थाइल्याण्ड, म्यान्मार, मलेसिया, जेनेभालगायत ११ देशका नसर्ने रोगसँग सम्बन्धित काम गर्ने जनस्वास्थ्यविद्हरू सहभागी छन् । रासस

# नेपाल रेडक्रस सोसाइटीको संशोधित मस्यौदा पारित



**काठमाडौँ ।**
नेपाल रेडक्रस सोसाइटीको विधान संशोधन र केन्द्रीय सभाको वार्षिक साधारणसभाले संस्थाको संशोधित मस्यौदा विधान, २०८२ लाई सर्वसम्मतिले पारित गरेको छ । विधानको मूल मर्म, रेडक्रसका सिद्धान्त, प्रचलित कानुन तथा अन्तरराष्ट्रिय मान्यतासँग मेल खाने गरी संस्थाको संशोधित विधान तयार पारिएको जनाइएको छ ।

हालै चितवनको सौराहामा सम्पन्न सस्थाको साधारणसभाले पारित सो विधानले दीर्घकालीन संस्थागत समस्या समाधान, सुशासन सुदृढीकरण र संस्थाको गरिमा पुनःस्थापना गर्न कोशेढुङ्गाको काम गर्ने जनाइएको छ । साथै सो सभालाई नेपाल रेडक्रसको इतिहासमा एक निर्णायक चरणका रूपमा लिइएको छ ।

संशोधित विधान तयार गर्नेक्रममा नेपाल सरकारका मापदण्ड र सुझावसहित रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तरराष्ट्रिय महासङ्घ (आइएफआरसी) को राय लिएको जनाइएको छ । संशोधित विधान संस्थालाई परिवर्तित, गतिशील, पारदर्शी र समसामयिक हुन महत्वपूर्ण हुने विश्वास गरिएको छ ।

सभाको बन्द सत्रमा महामन्त्री मीनबहादुर मल्लद्वारा संशोधित विधानसहित सोसाइटीको आव २०८१÷८२ को वार्षिक प्रतिवेदन तथा चालु आव २०८२÷८३ को प्रस्तावित कार्यक्रम प्रस्तुत गरिएको थियो भने कोषाध्यक्ष लोकदर्शन श्रेष्ठद्वारा आव २०८१÷८२ को आर्थिक तथा लेखापरीक्षण प्रतिवेदन तथा चालु आव २०८२÷८३ को बजेट सभा समक्ष पेस गरेका थिए ।

यस अगाडि सभाको शुभारम्भसत्रमा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय तदर्थ समितिका अध्यक्ष विनोदकुमार शर्माले विधान संशोधन तथा वार्षिक साधारणसभा संस्थाको भविष्य सुनिश्चित गर्ने ऐतिहासिक अवसर भएको बताए । सदस्य डा गङ्गाधर अधिकारीले रेडक्रसको असहज परिस्थितिको समाधानका लागि विधान संशोधन र निर्वाचनमार्फत नयाँ कार्यसमिति चयन गर्नु अपरिहार्य रहेको स्पष्ट पार्दै तदर्थ कार्यसमितिले ९० दिनको कार्यादेश प्राप्त गरी जिम्मेवारीपूर्वक काम गरिरहेको उल्लेख गर्दै रेडक्रसको महिमा र गरिमा जोगाउन सबैले एकताबद्ध भएर हातेमालो गर्नुपर्नेमा जोड दिए ।

पूर्वमहामन्त्री पीताम्बर अर्यालले पारदर्शिता, सुशासन र नैतिक आचरणबिना संस्था बलियो हुन नसक्ने जनाउँदै सबै रेडक्रसकर्मीमा पारदर्शिता र प्रतिबद्धता अनिवार्य रहेको धारणा व्यक्त गरे । पूर्वउपमहामन्त्री हरि न्यौपानेले रेडक्रसले विगतमा थुप्रै आरोह अवरोह पारगरेको े स्मरण गर्दै अब सबै मिलेर यसको साख र गरिमा बचाउनुपर्नेमा जोड दिए ।

पूर्वअध्यक्ष सञ्जिव थापाले समयानुकूल सुधार आवश्यक भएपनि विधानको मूल मर्ममा आँच नआउने गरी संशोधन गर्नुपर्नेमा जोड दिँदै सबै प्रतिनिधिलाई एक ढिक्का भएर विधान पारित गर्न आह्वान गरे । पूर्वअध्यक्ष डा नेत्र तिम्सिनाले रेडक्रसको विधान संशोधनका लागि आफ्नो कार्यसमितिले सक्दो प्रयास गरेपनि जटिल अवस्थाबाट गुज्रनुपरेको स्मरण गर्दै सभाप्रति आफूले अपनत्व लिएको र सभाले विगतका तितता मेटाउँदै आपसी सौहार्दपूर्ण वातावरण सिर्जना गरेको अनुभूति व्यक्त गरे ।

रेडक्रसको अन्तरराष्ट्रिय समिति (आइसीआरसी) का नेपाल प्रमुख सन्देश श्रेष्ठले सबै पक्ष मिलेर रेडक्रसको अन्तरराष्ट्रिय साख र विश्वास जोगाउनुपर्नेमा जोड दिए । रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तरराष्ट्रिय महासङ्घ (आइएफआरसी) का नेपाल प्रमुख डेभिड फिसरले रेडक्रसको अन्तरराष्ट्रिय मापदण्ड, सिद्धान्त र मानवीय मूल्यअनुसारको व्यवस्था संशोधित विधानमा समेटिनु आवश्यक रहेको सुझाव दिए । केन्द्रीय तदर्थ कार्यसमितिका सदस्य कान्ती राजभण्डारीले सभालाई सफल बनाउन महत्वपूर्ण भूमिका खेलेको चितवन जिल्ला शाखाप्रति विशेष धन्यवाद व्यक्त गर्दै सम्पूर्ण सहभागीहरूप्रति आभार प्रकट गरे । विधान संशोधन छानबिन समितिका संयोजक तथा केन्द्रीय तदर्थ समितिका उपाध्यक्ष हरिप्रसाद बरालले प्रस्ताव छानबिन समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

सभाको समापन समारोहमा रेडक्रस कास्की जिल्ला शाखाका सभापति उर्मिला खड्काले आफू महिला भएकै कारण सभापतिसम्म पुग्नका लागि धेरै कसरत गर्नपरेको स्मरण गर्दै पारित भएको विधानले महिला सहभागिता ३३ प्रतिशत सुनिश्चित गर्ने काम गरेकोप्रति खुसी व्यक्त गरे ।

लुम्बिनी प्रदेश अध्यक्ष लालप्रसाद पङ्गेनीले पारित भएका निर्णयहरूले स्वयंसेवकको भावना, मर्म र योगदानलाई सही रूपमा आत्मसात् गरेको विश्वास व्यक्त गरे । उनले विधान संशोधन तथा वार्षिक साधारणसभाले संस्थागत सुदृढीकरण, आपसी सौहार्द र भविष्यप्रति स्पष्ट मार्गनिर्देशन दिएको बताए । चितवन जिल्ला शाखा सभापति हरिप्रसाद पौडेलले आफ्नो जिल्लाले महत्वपूर्ण कार्यक्रम आतिथ्यता गर्न पाएकामा खुसी व्यक्त गरे ।

सभामा नेपाल रेडक्रस सोसाइटीको निमित्त कार्यकारी निर्देशक मोना अर्यालले सोसाइटीद्वारा सञ्चालित मानवीय सेवाका गतिविधिमाथि जानकारी दिए । सभामापूर्व सोसाइटीका महामन्त्रीहरू दीपेन्द्र ढकाल, पूर्वउपमहामन्त्री हरिप्रसाद न्यौपानेलगायतका पूर्वपदाधिकारीहरू, सातै प्रदेश र ७७ वटै जिल्लाका २५४ सभासद् तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । साथै केन्द्रीय तदर्थ कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू, राष्ट्रिय तथा अन्तरराष्ट्रिय साझेदार संस्थाका प्रतिनिधि सहभागिता थियो । रासस

# थारु राष्ट्रिय माघी महोत्सव हुने




**काठमाडौँ ।**
थारु समुदायको महान पर्वका रूपमा रहेको माघीलाई लक्षित गर्दै दुईदिने ‘थारु राष्ट्रिय माघी महोत्सव’ आयोजना हुने भएको छ । यो पर्वलाई पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका थरुहट तराई क्षेत्रमा बस्ने थारु समुदायले माघ÷माघी÷तिला सङ्क्राइत÷खिँचरा÷खिँचरी÷खिँच डीका नामले हर्षोल्लासपूर्वक मनाउँदै आएका छन् । थारु कल्याणकारिणी सभा (थाकस) केन्द्रीय समितिको संयोजन तथा ३० वटा थारु सङ्घसंस्थाको संयुक्त आयोजनामा यही पुस ३० र आगामी माघ १ गते काठमाडौँको टुँडीखेलमा महोत्सवको आयोजना हुने भएको हो ।

महोत्सवबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा मूल आयोजक समितिका संयोजक प्रेमीलाल चौधरीले यस महोत्सवले थारु संस्कृतिको संरक्षण एवं प्रवद्र्धन गर्दै आन्तरिक तथा बाह्य पर्यटकलाई महोत्सवमा सहभागी गराई नेपालको अर्थतन्त्रमा विकास गर्न मद्दत पु¥याउने विश्वास लिइएको बताए । साथै थारु समुदायमा माघी पर्वलाई नयाँ वर्ष, स्वतन्त्रता दिवस, सामाजिक कार्यका लागि गाउँको नेतृत्व चयन, खोजनी बुझनी (समीक्षा) तथा सामाजिक, सांस्कृतिक, धार्मिकलगायत पक्षको महत्वलाई जोड दिने बताए ।

थारु समुदायले माघी आउनु अगाडिदेखि दुनाटपरी बनाउने र खानपानको जोहो गर्दै पर्वको तयारी गर्छन् । पुस मसान्तको दिन सुङ्गुर÷बङ्गुर ‘जिता मार्ने’ गरिन्छ भने सोही दिन आगोको धुनी बाल्दै डफ र मादलसँगै धुमरु गाउँदै रातभर जाग्राम बस्ने गरिन्छ । माघ १ गते बिहानै नजिकको खोला, नदी, ताल, तलैया आदिमा स्नान गरिन्छ, जसलाई ‘माघ लहान’ भन्ने गरिन्छ ।

स्नानपश्चात् पूजा र भाकल गरे सन्तान सुख प्राप्ति र मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहिआएको छ । ढुङ्गाको महादेव बनाई जल, फूलमाला, सिक्का पैसा राखी पूजा गर्ने र आफूभन्दा अग्रजबाट आर्शिवादसहित चामलको सेतो टीका लगाई घरमा आएर ‘निसराउ काढ्ने’ र घरपरिवार इष्टमित्रमा साइनोअनुसार ‘स्यावा ढोग’ लिँदै माघका मिठामिठा परिकार खाने सांस्कृतिक प्रचलन रहँदै आएको छ ।

थारु कल्याणकारिणी सभाको अगुवाइमा काठमाडौँमा विसं २०५९ देखि महोत्सव मनाउन थालिएको हो । ‘थारू कला संस्कृति हाँसो पहिचान, यसलाई संरक्षण र संवद्र्धन गर्ने हाम्रो अभियान’ भन्ने मूल नाराका साथ मनाइने यस महोत्सवका मुख्य आकर्षक थारु समुदायको सांस्कृतिक झाँकीसहित ¥याली प्रदर्शन, मूल समुद्घाटन समारोह, विविध थारु सांस्कृतिक प्रस्तुति, थारु खानाका परिकार प्रदर्शनी एवं बिक्री, थारु सीप हस्तकला, पुस्तक प्रदर्शनी एवं बिक्री, मोटरसाइकल ¥याली, ‘जिता मर्ना’ र विभिन्न क्षेत्रमा विशेष योगदान पु¥याएका थारु विशिष्ट व्यक्तित्वलाई सम्मान गर्ने कार्यक्रम समावेश गरिएको संयोजक चौधरीले जानकारी दिए ।

उनका अनुसार महोत्सवमा थारु खानपिन, हस्तकला, पुस्तक प्रदर्शनीका करिब १०० वटा कक्ष (स्टल) रहने छन् । खानाका स्टलमा थारु जातिले माघी पर्वमा ढिक्री, घोङ्गी, अन्डिक भात, खिँचरी, तिलको लड्डु, अन्डिको जाँडको झोल, खँरिया, सुँगुरको मासु, गङ्गटो, सिँधरा, आलुसिन्की, बयरको चटनी, बरिया, तेलपौर रोटीलगायत विभिन्न खानाका परिकारको स्वाद महोत्सवमा सहभागीले लिन पाउने आयोजकले जनाएको छ ।

राष्ट्रिय जनगणना २०७८ का अनुसार चौथो ठूलो जातिका रूपमा रहेको थारुको कूल जनसङ्ख्याको छ दशमलव दुई प्रतिशत छ । २६ जिल्लामा फैलिएका थारु जातिको जनसङ्ख्या १८ लाख सात हजार १२४ रहेको छ । यद्यपि, थारु समुदायले भने यो भन्दाबढी रहेको अनुमान गर्दै आएका छन् । रासस

# फरार कैदी पक्राउ

**काठमाडौँ ।**
जेन्जी आन्दोलनका क्रममा कारागार कार्यालय जगन्नाथदेवलबाट फरार एक कैदी काठमाडौँको झोरबाट पक्राउ परेका छन् । केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले कारागारबाट फरार सिन्धुलीको तीनपाटन गाउँपालिका–६ बस्ने ५० वर्षीय गुञ्जबहादुर श्रेष्ठलाई सोमबार पक्राउ गरेको हो । श्रेष्ठ कर्तव्य ज्यान मुद्दामा १८ वर्ष कैद सजाय कायम भई २०७३ असार २९ देखि जगन्नाथदेवलमा कैद भुक्तान गरिरहेका थिए ।

जेनजी आन्दोलनका क्रममा फरार रही काठमाडौँ उपत्यकामा लुकीछिपि बसेको भन्ने विशेष सूचनाका आधारमा ब्यूरोबाट खटिएको टोलीले उनलाई पक्राउ गरेको हो । पक्राउ गरी उनलाई कारागार कार्यालय जगन्नाथदेवलमा पेस गरिएको ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले जानकारी दिए । रासस

# २८ औँ भूकम्प सुरक्षा दिवस मनाइने

**काठमाडौँ ।**
सरकारले आगामी माघ २ गते देशभर २८ औँ भूकम्प सुरक्षा दिवस मनाउने तयारी गरेको छ । ‘सबै तहका सरकार, सबै नागरिकको तयारी, भूकम्प उत्थानशील नेपाल अबको जिम्मेवारी’ भन्ने मूल नाराका साथ यस दिवस देशव्यापी रूपमा मनाइने शहरी विकास तथा भवन निर्माण विभागले जनाएको छ ।

विभागद्वारा सोमबार आयोजित पत्रकार सम्मेलनमा महानिर्देशक इ रविन्द्र बोहराले काठमाडौँ महानगरपालिकास्थित खुलामञ्चमा मूल समारोह आयोजना गरिने जानकारी दिए । उनकाअनुसार दिवसका दिन बसन्तपुरबाट सुरु हुने भूकम्प सुरक्षा ¥याली आकाशभैरव, इन्द्रचोक र असन हुँदै खुलामञ्च पुग्नेछ । ¥यालीपछि प्रधानमन्त्रीको प्रमुख आतिथ्यमा औपचारिक कार्यक्रम आयोजना हुनेछ ।

सोही स्थानमा दुई दिने भूकम्प सुरक्षा प्रदर्शनी पनि सञ्चालन गरिनेछ । प्रदर्शनीमा विपद् जोखिम न्यूनीकरण क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूको सहभागिता रहने बताइएको छ ।

भूकम्प सुरक्षा दिवसकाअवसरमा देशभर प्रदेश, जिल्ला र स्थानीय तहमा गोष्ठी, अन्तरक्रिया, सचेतनामूलक कार्यक्रम, ¥याली, प्रदर्शनी, प्रतियोगिता, रक्तदान, सडक नाटक तथा अडियो भिडियो सामग्रीमार्फत व्यापक जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि सबै सरकारी कार्यालय र सुरक्षा निकायलाई निर्देशन जारी भइसकेको विभागले जनाएको छ ।

महानिर्देशक बोहराले भूकम्पका बेला जनधनको ठूलो क्षति कमजोर घर तथा संरचना भत्किँदा हुने भएकाले सुरक्षित भवन निर्माण नै सबैभन्दा प्रभावकारी पूर्वतयारी भएको बताए । ‘यसका लागि राष्ट्रिय भवन संहिता पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्छ । नयाँ निर्माण तथा पुराना घरको प्रबलीकरण गर्दा भूकम्प प्रतिरोधी मापदण्ड अनिवार्य लागू गर्नुपर्छ उनले बताए ।

विभागका अनुसार भवन संहिता कार्यान्वयन, प्राविधिक तालिम, अनुगमन तथा अनुसन्धानलाई तीव्र बनाइएको छ । काठमाडौँ उपत्यकाका सात स्थानीय तहमा ‘बिल्डिङ स्ट्रक्चर वर्कफ्लो’ पाइलट परीक्षण सफल भएपछि देशभर नक्सा पास प्रणालीलाई एकीकृत रूपमा लागू गर्ने तयारी भइरहेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले भूकम्प तथा अन्य विपद्बाट प्रभावित परिवारलाई सुरक्षित आवासका लागि अनुदान र प्राविधिक सहयोग प्रदान गर्ने कार्यविधि कार्यान्वयनमा ल्याएको छ । साथै, आपतकालीन सामग्री भण्डारण, खोज तथा उद्धार तयारी, पुनर्निर्माण तथा पुनस्थापनासम्बन्धी कार्यहरू पनि निरन्तर अघि बढाइँदै आएको विभागले जनाएको छ ।

सरकारले भूकम्प जोखिम न्यूनीकरणलाई राष्ट्रिय प्राथमिकताका रूपमा अघि बढाउँदै सुरक्षित निर्माण, पूर्वतयारी, प्रतिकार्य र पुनस्थापनालाई अझ प्रभावकारी बनाउने लक्ष्यसहित भूकम्प सुरक्षा दिवस मनाउन लागिएको जनाएको छ । रासस

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१


# जसपा र लिम्बुवान क्रान्तिकारी नेकपामा समाहित

**काठमाडौँ ।**
जनता समाजवादी पार्टी (जसपा) र लिम्बुवान क्रान्तिकारी पार्टी नेपाली कम्युनिष्ट पार्टी (नेकपा)मा समाहित भएको छ । पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा सोमबार आयोजित कार्यक्रममा शिवलाल थापा मगर संयोजकत्वको जनता समाजवादी पार्टी र मनिष लिम्बूको अध्यक्षतामा रहेको लिम्बूवान क्रान्तिकारी पार्टी नेकपामा समाहित भएको घोषणा गरिएको हो ।

नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', सहसंयोजक माधवकुमार नेपाल र लिुम्बुवान क्रान्तिकारी पार्टीका अध्यक्ष लिम्बू र जनता समाजवादी पार्टीका उपाध्यक्ष मगरले एकतासम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गरे ।

एकता घोषणा कार्यक्रममा संजोजक दाहालले नेकपा मुलुकको पहिलो शक्ति बन्ने अभियानका साथ अघि बढिरहेको बताए । वामपन्थी शक्तिको एकताबाट मात्रै समाजवादको यात्रा अघि बढाउन सकिने उनको भनाइ थियो ।

सहसंयोजक नेपालले विगतका कमिकमजोरीलाई स्वीकार्दै जनआकाङ्क्षालाई सर्वोपरि राखेर अघि बढ्ने सङ्कल्प राखेकाले देशव्यापीरूपमा नेकपाको लहर चलेको बताए । 'यो पार्टीको इमान्दारिता, निष्ठा र समर्पणलाई विश्वास गरेर धेरैभन्दा धेरै जनसमुदाय नेकपाप्रति आकर्षित भइरहनुभएको छ,' उनले भने ।

# रौतहट–३ मा बहुकोणीय प्रतिस्पर्धाको संकेत

**आरके श्रीवास्तव**
**रौतहट ।**
रौतहट निर्वाचन क्षेत्र नम्बर ३ मा आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनलाई लिएर राजनीतिक सरगर्मी बढ्दै गएको छ । चारपटक यसै क्षेत्रबाट संघीय सांसद निर्वाचित भइसकेका आमजनता पार्टीका अध्यक्ष प्रभु साह पुनः चुनावी मैदानमा रहने छन् । उनलाई पराजित गर्न अन्य दल सक्षम हुन्छन् वा हुँदैनन् भन्ने प्रश्नले अहिले नै चासो बढाएको छ । संघीय सांसदका लागि नेकपा एमालेले केन्द्रीय सदस्य कुन्दन कुशवाहालाई अघि सारेको छ । कुशवाहा २०७४ सालको मधेश प्रदेश सभा निर्वाचनमा निर्वाचित भइसकेका अनुभवी नेता हुन् र यसपटक प्रतिनिधि सभा निर्वाचनमा प्रतिस्पर्धा गर्ने मुडमा देखिएका छन् ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका तर्फबाट गोविन्द चौधरीको नाम सिफारिस गरिएको छ । जसपा नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल एकीकरण भएपछि चौधरीको उम्मेदवारी अझ बलियो बनेको विश्लेषण गरिएको छ । नेपाली कांग्रेसले भने हालसम्म आधिकारिक उम्मेदवार घोषणा गरेको छैन । यद्यपि ओमप्रकाश जयसवालसहितका नेताहरूको नाम सिफारिस गरिएको छ । जयसवाल २०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा प्रभु साहका निकटतम प्रतिद्वन्द्वी थिए । निर्वाचनमा प्रभु साहले ३२ हजार ४ सय ३७ मत प्राप्त गर्दा जयसवालले २५ हजार २ सय मत हासिल गरेका थिए । यस्तै, अर्को ठूलो दल नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का तर्फबाट विन्देश्वर यादव, रविन्द्र पटेल 'धिरज'लगायतका नामहरू सिफारिसमा परेका छन् । तर २०७९ सालको निर्वाचनमा पटेलले ८ हजार ५८ मत मात्र प्राप्त गरेका थिए ।मुख्य दलहरूबाट सम्भावित उम्मेदवारहरूको नाम सतहमा आउन थालेसँगै रौतहट–३ को चुनाव रोचक र प्रतिस्पर्धात्मक हुने संकेत देखिएको छ । अब अन्तिम उम्मेदवारी टुंगो लागेपछि चुनावी समीकरण थप स्पष्ट हुने राजनीतिक विश्लेषकहरूको भनाइ छ ।



**निर्वाचन प्रहरी (म्यादी)मा आवेदन दिनेको भिडः** *सर्लाहीको मलङ्गवा नगरपालिका–२, जिल्ला प्रहरी कार्यालयमा निर्वाचन प्रहरी (म्यादी)मा भर्नाका लागि आवेदन दिनेको भिड । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सर्लाहीमा ३ हजार ९ सय २६ निर्वाचन प्रहरी भर्ना गरिने छ । सर्लाहीका चार निर्वाचन क्षेत्रमा खटाउन योग्य नेपाली नागरिकबाट माघ १ गतेसम्म दरखास्त आह्वान गरिएको छ । तस्बिरः रासस*

# महावाणिज्य दूतावासले मनायो विश्व हिन्दी दिवस



**मिश्री लाल मधुकर**
**जनकपुरधाम ।**
भारतीय महावाणिज्य दूतावास वीरगंजले जनवरी ११ मा विश्व हिन्दी दिवस मनाएको छ । भारतीय महावाणिज्य दूतावास वीरगंजले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ कि विश्व हिन्दी दिवसको अवसरमा विभिन्न विद्यालयका विद्यार्थीले भाषण र कविता प्रतियोगितामा सहभागिता जनाएका थिए । रक्सौलको शारदा कला केन्द्रका विद्यार्थीले मनमोहक र आकर्षक सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

भारत सरकारले प्रत्येक वर्ष जनवरी ११ मा मनाइने विश्व हिन्दी दिवसमा विश्वव्यापी रूपमा हिन्दी भाषा र संस्कृतिको प्रवद्र्धन गर्दै आइरहेको छ । भारतीय महावाणिज्य दूत देवी सहाय मीनाले भने, 'हिन्दी भाषालाई विश्वको नक्सामा राख्नु, यसको प्रसारलाई प्रवद्र्धन गर्नु र भारत र नेपाल बीचको सांस्कृतिक सम्बन्धलाई सुदृढ पार्नु हो ।' उनले विश्व हिन्दी दिवसको अवसरमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सन्देश पढेर सुनाए । वाणिज्य महादूत मीनाले विभिन्न विद्यालयका विद्यार्थीलाई भारत र नेपाल बीचको पुरानो धार्मिक, सामाजिक र सांस्कृतिक सम्बन्धसँग सम्बन्धित विषयमा भाषण र कविता वाचनमा उत्कृष्टलाई पुरस्कार र सम्मान प्रदान गरे ।

कार्यक्रममा हिन्दी भाषा अभियानी रमन पाण्डे, साहित्यकारहरु, कवि, भारतीय महावाणिज्य दूतावासका अधिकारी र कर्मचारीहरूलगायत अन्य विशिष्ट व्यक्तिको उपस्थिति थियो ।

# घाम झुल्किँदा मधेशमा राहत



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
शीतलहरका कारण अत्यधिक चिसोले जनकपुरधामसहित मधेशका विभिन्न क्षेत्र अस्तव्यस्त बनेका बेला सोमबार घाम लागेपछि सर्वसाधारणले ठूलो राहत महसुस गरेका छन् । सोमबार बिहानैदेखि पारिलो घाम लागेपछि लामो समयदेखि कुहिरो, हुस्सु र चिसोले पीडित बनेका नागरिकको दैनिकी केही सहज बनेको हो ।

लगातारको चिसो र जाडोले जनजीवन प्रभावित भइरहेका बेला जनकपुर र आसपासका क्षेत्रमा घाम निस्किएसँगै चहलपहल बढेको छ । स्थानीयवासीले घाम लाग्नासाथ नुहाउने, लुगा धुने र सुकाउनेजस्ता दैनिक काम थालेका छन्, जसले सामान्य जीवन लयतर्फ फर्किन थालेको संकेत दिएको छ ।

शीतलहरको सबैभन्दा ठूलो असर वृद्धवृद्धा, बालबालिका, सुत्केरी महिला तथा दैनिक ज्यालादारी मजदुरहरूमा परेको छ । लगातार चार सातासम्म घाम नलाग्दा मानिस मात्र नभई बोटबिरुवा, पशुपन्छी र कृषिजन्य उत्पादनसमेत गम्भीर रूपमा प्रभावित भएका थिए ।

मौसमको यस्तो प्रतिकूल अवस्थाका कारण सडक यातायात र हवाई उडानसमेत प्रभावित बनेका थिए । घाम लागेपछि चिसोको तीव्रता केही घटे पनि मौसम अझै पूर्ण रूपमा सामान्य भइनसकेको भन्दै स्थानीयवासीले स्थायी सुधारको अपेक्षा गरेका छन् । लामो समयपछि देखिएको घामले भने मधेशवासीको अनुहारमा आशाको झल्को अवश्य ल्याएको छ ।

# मूर्तिकारलाई सरस्वती पूजाको चटारो
# चिसोले आम्दानी अनिश्चित

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशमा पछिल्लो समय बढेको अत्यधिक चिसोले विभिन्न वर्ग र समुदायका दैनिक पेसा–व्यवसाय प्रभावित बनेको छ । जाडोका कारण नियमित काम गर्न नसक्दा धेरै परिवार आर्थिक संकटको संघारमा पुगेको स्थानीयको भनाइ छ । यसरी प्रभावित हुनेमध्ये मूर्तिकार समुदाय पनि अग्रपङ्क्तिमा देखिएको छ ।

आगामी माघ ९ गते सरस्वती पूजा नजिकिँदै गर्दा मूर्तिकारहरूका लागि व्यस्त समय हो । विद्याकी देवी सरस्वतीको पूजा विशेषगरी विद्यालय, कलेज र शैक्षिक संस्थामा धूमधामका साथ मनाइन्छ । यही अवसरका लागि माटोको मूर्ति बनाएर सजाउने र बिक्री गर्ने मूर्तिकारहरू अहिले काममा जुटिनुपर्ने बेला हो । तर चिसोले उनीहरूको गति सुस्त बनेको छ ।

मधेशमा मूर्ति बनाउने काम परम्परागत रूपमा कुम्हार समुदायको पुख्र्यौली पेसा मानिन्छ । पछिल्लो समय अन्य जाति र समुदायका मानिसहरू पनि यस पेसामा संलग्न भए तापनि अत्यधिक जाडोका कारण सरस्वती पूजाको तयारी प्रभावित हुँदा कुम्हार समुदाय बढी चिन्तित देखिएको छ ।



महोत्तरीको मटिहानी नगरपालिका–७ का रामनाथ खतबे अहिले सरस्वतीको मूर्ति बनाउन व्यस्त छन् । उनी भन्छन्, 'पहिले हाम्रो पुख्र्यौली पेसा बिहे–व्याहमा बेहुला–बेहुलीलाई माफा, खरखरिया र पाल्कीमा बोकेर लैजाने थियो । तर समाज परिवर्तनसँगै त्यो पेसालाई हेय दृष्टिले हेर्न थालियो, त्यसपछि मूर्तिकला रोज्न बाध्य भयौँ ।'

रामनाथ आफूले कसैको पेसा खोसेको नभई आफ्नै रुचिले मूर्तिकला अँगालेको बताउँछन् । १७ वर्षकै उमेरदेखि मूर्ति बनाउन थालेका उनी करिब तीन दशकदेखि यही पेसाबाट परिवार पाल्दै आएका छन् ।

उनका अनुसार वर्षमा करिब चार महिनामात्र माटोको मूर्ति बनाउने सिजन हुन्छ । भदौमा कृष्ण जन्माष्टमी, असोजमा विश्वकर्मा र दुर्गा पूजा, कात्तिकमा काली र लक्ष्मी तथा माघमा सरस्वतीको मूर्ति निर्माण गरिन्छ । बाँकी समय खेतीपाती वा सिमेन्टका मूर्ति बनाएर जीवन धान्नुपर्ने बाध्यता छ ।

यस वर्ष भने अत्यधिक चिसोले मूर्ति बनाउन ठूलो समस्या सिर्जना गरेको रामनाथ बताउँछन् । 'चिसोले हात चल्दैन, घाम नलाग्दा मूर्ति राम्ररी सुक्दैन । माटो नसुकेको मूर्तिमा रङ बस्दैन, चिरा पर्ने जोखिम हुन्छ,' उनले भने ।

मूर्तिको आकारअनुसार मूल्य चार हजारदेखि ४० हजार रुपैयाँसम्म पर्छ । तर अहिले जाडोका कारण कामदार आउन नमान्ने र आए पनि काम प्रभावकारी नहुने भएकाले रामनाथले महँगो र अर्डर आएका मूर्तिमात्र बनाइरहेका छन् । विगतका वर्षमा सबै खर्च कटाएर तीन–चार लाख रुपैयाँसम्म आम्दानी हुने गरे पनि यस वर्ष आम्दानी अनिश्चित बनेको उनको भनाइ छ ।

सात जनाको परिवार पाल्दै आएका रामनाथका लागि समय झन् कठिन बनेको छ । 'दिन छोटो भएकोले बिहान १० बजेतिरमात्र काम शुरु हुन्छ, दिउँसो तीन–चार बजे नै छोड्नुपर्छ । चिसो सहनै गाह्रो हुन्छ,' उनले भने ।

मूर्ति बिक्री नभए ठूलो घाटा लाग्ने डर पनि उत्तिकै छ । 'ऋण गरेर माटो किनेको छु, मूर्ति बनाउने घर भाडामा लिएको छु । बाँस, काठ, रङ, काँटी सबै नगद किन्नुपर्छ, उधारो कसैले दिँदैन,' उनले पीडा सुनाए ।

समाजमा मूर्तिकलालाई राम्रो दृष्टिले नहेरिने भएकाले नयाँ पुस्ता यस पेसामा आउन नचाहेको रामनाथको गुनासो छ । 'युवाहरूलाई आम्दानी र भविष्यको चिन्ता छ, त्यसैले यो पेसाबाट टाढिँदै गएका छन्,' उनले भने । यद्यपि आफ्नो एक छोरालाई भने मूर्तिकलामा लाग्न प्रेरित गर्ने उनको दृढता छ ।

रामनाथका अनुसार पछिल्ला वर्षहरूमा मूर्तिको माग सङ्ख्यात्मक रूपमा बढे पनि मूर्तिकारको सङ्ख्या नबढ्दा परम्परागत मूर्तिकला संकटमा पर्न सक्ने खतरा देखिएको छ । चिसोजस्तो प्राकृतिक चुनौतीसँगै सामाजिक उपेक्षाले मूर्तिकारहरूको भविष्य झन् अन्योलपूर्ण बन्दै गएको छ ।




# पर्सा-२ मा राजनीतिक उथलपुथल, दलहरू अझै उम्मेदवार टुंग्याउन असमर्थ

**मधशेदृष्टि**
**वीरगंज ।**
यही फागुन २१ मा हुने प्रतिनिधि सभा सदस्य निर्वाचन नजिकिँदै जाँदा पर्सा निर्वाचन क्षेत्र नं. २ मा चुनावी चहलपहल तीव्र बन्दै गएको छ । प्रमुख राजनीतिक दलहरूले उम्मेदवार छनोट प्रक्रिया अघि बढाएसँगै सम्भावित उम्मेदवारबारे राजनीतिक वृत्तमा चर्चा–परिचर्चा चुलिएको छ । नेपाली कांग्रेस पर्साले पुनः पूर्व मन्त्री तथा निर्वतमान प्रतिनिधि सभा सदस्य अजय चौरसिया र संविधान सभा सदस्य राजेन्द्र बहादुर आमात्यको नाम केन्द्रमा सिफारिस गरेको छ । चौरसिया कांग्रेस संस्थापन समूहका प्रभावशाली नेता हुन् भने आमात्य शेखर कोइराला समूहका प्रतिनिधि हुन् ।



यसैबीच, क्षेत्रीय समितिले राकेश यादवको नामसमेत सिफारिस गरेपनि जिल्ला समितिले दुई जनाको मात्र नाम पठाएपछि मधेश प्रदेश समितिले यादवको नाम पनि उम्मेदवारको सूचीमा समावेश गरेको छ । यससँगै कांग्रेसभित्र तीन आकांक्षी देखिँदा टिकट कसले पाउने भन्ने विषय अझै अनिश्चित बनेको छ । चौरसिया र आमात्यमध्ये एकजनाले टिकट पाउने सम्भावना बलियो देखिएपनि महामन्त्री गगन थापाको नेतृत्वमा सम्पन्न विशेष महाधिवेशनमा यादव खुलेर गगन समूहबाट प्रस्तुत भएकाले युवाको कोटाबाट उनले पनि अवसर पाउन सक्ने आँकलन गरिएको छ ।

नेकपा एमालेतर्फबाट पूर्व मन्त्री तथा पर्सा क्षेत्र नं. ३ बाट निर्वाचित निर्वतमान प्रतिनिधि सभा सदस्य राजकुमार गुप्ता, युवा नेता अरविन्द सिंह र केन्द्रीय सदस्य निर्मला देवकोटाको नाम सिफारिस गरिएको छ । तर पर्सा–२ बाट सिफारिस भएका गुप्ता भ्रष्टाचार मुद्दामा हाल थुनामा रहेकाले उनको उम्मेदवारी अनिश्चित देखिएको छ । यस्तो अवस्थामा क्षेत्र नं. १ र २ बाट सिफारिस भएका सिंहले पर्सा–२ बाट टिकट पाउने सम्भावना देखिएपनि अध्यक्ष केपी शर्मा ओली निकट मानिएकी देवकोटाको नामसमेत सिफारिस भएकाले अन्तिम निर्णय केन्द्रकै हातमा रहने संकेत देखिन्छ ।

प्रचण्ड–माधव नेपाल नेतृत्वको नेकपाबाट मनोज चौधरी, सत्यनारायण रौनियार र प्रभाकर गुप्ताको नाम सिफारिस भएको छ । यद्यपि यीमध्ये कसले टिकट पाउने भन्ने विषय अझै टुंगो लागिसकेको छैन । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट निर्वतमान समानुपातिक सांसद विना जयसवाल कुर्मी चुनावी मैदानमा उत्रने सम्भावना बलियो देखिएको छ । पार्टी स्रोतका अनुसार अन्य नाम पनि सिफारिस भए तापनि अन्ततः कुर्मीले नै टिकट पाउने सम्भावना बढी छ ।

जनता समाजवादी पार्टी (जसपा) नेपालबाट अधिवक्ता सुरेन्द्र प्रसाद कुर्मी, अशोक कुमार टेमानीसहित आधा दर्जन व्यक्तिको नाम सिफारिस गरिएको छ । २०७९ को निर्वाचनमा कांग्रेस उम्मेदवार अजय चौरसियासँग पराजित भएका कुर्मी यसपटक आफैं उम्मेदवार नबनी परिवारकै सदस्य विना कुर्मीलाई अघि सार्ने चर्चा चलिरहेकाले जसपाबाट टेमानीले टिकट पाउन सक्ने आँकलन गरिएको छ ।

जनमत पार्टीबाट राष्ट्रिय अध्यक्ष डा. सीके राउत र 'जेन–जी' नेता नविन प्रकाश साहको नाम सिफारिस भएपनि पार्टी स्रोतका अनुसार साह नै उम्मेदवार बन्ने सम्भावना बढी देखिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले हालसम्म औपचारिक रूपमा कसैको नाम सिफारिस गरेको छैन ।

तर केही जिल्ला तहका नेताहरूले पूर्व प्रदेश सांसद राजेश्वर साहलाई पार्टीमा भित्र्याएर उम्मेदवार बनाउने प्रयास गरिरहेको बुझिएको छ । साहलाई एमालेबाट पनि उम्मेदवार बनाउने प्रयास भइरहेको बताइन्छ ।

यता नेपाल जनता पार्टीबाट हिन्दुवादी नेता सन्तोष पटेलले उम्मेदवारी घोषणा गर्दै हिन्दु राष्ट्रको एजेन्डासहित चुनावी अभियान सुरु गरिसकेका छन् । अन्य साना दलहरूबाट पनि उम्मेदवार आउन सक्ने सम्भावना रहेपनि हालसम्म निर्वतमान सांसद वा कांग्रेस उम्मेदवारलाई कडा टक्कर दिने को हुने भन्ने स्पष्ट भइसकेको छैन । निर्वाचन तालिकाअनुसार मनोनयन दर्ताका लागि अब आठ दिन मात्र बाँकी रहँदा कुनैपनि दलले उम्मेदवारको अन्तिम टुंगो लगाइसकेका छैनन् । सबै दल आन्तरिक गृहकार्य र राजनीतिक समीकरण मिलाउन व्यस्त देखिएका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन